नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष १ ● अंक २७२ ● २०८० साल साउन २७ गते शनिबार ● Saturday 12, August 2023 ● सूर्योदय: बिहान ५:३५ बजे ● सूर्यास्त: साँझ ६:४५ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




# गौर हत्याकाण्ड छानबिन सहमतिले

## किन डराए उपेन्द्र ?



**प्रमोद कुमार साह**

**जनकपुरधाम ।**

गौर हत्याकाण्ड छानबिन माग गर्दै रौतहटमा भएको आन्दोलन र हत्याकाण्ड पीडित संघर्ष समितिले सरकारसँग गरेको सम्झौतापछि जनता समाजवादी पार्टीले औपचारिक धारणा सार्वजनिक गरेको छ ।

शुक्रबार काठमाडौँमा पत्रकार सम्मेलन गरी जसपाका नेताले संघर्ष समितिसँग सरकारले गरेको सम्झौता गलत भएको जिकिर गरेका छन् । गौर हत्याकाण्ड राजनीतिक घटना रहेको फेहरिस्त पत्रकार सम्मेलनमा प्रस्तुत गर्दै नेताहरुले घटनालगत्तै दायर भएको जाहेरी आधारमा छानबिन गरिए पार्टीले स्वीकार गर्न नसक्ने आशय प्रकट गरे ।

'सर्वोच्च अदालतका बहालबाला न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा नेपाल सरकारद्वारा गठित उच्चस्तरीय न्यायिक छानबिन समितिको प्रतिवेदन, राष्ट्रिय मानवअधिकार आयोग नेपाल, तत्कालीन जिल्ला प्रशासन कार्यालय र प्रहरीले सरकारसमक्ष बुझाएका प्रतिवेदन, पाटन पुनरावेदन अदालतका न्यायाधीश र सुरक्षा निकायका अधिकारी सम्मिलित जाँचबुझ आयोगलगायतले बुझाएको प्रतिवेदनलाई सरकारले यथाशिघ्र सार्वजनिक गरोस्' पत्रकार सम्मेलनमार्फत जसपा प्रवक्ता मनिष सुमनले सरकारसँग प्रश्न गरे, 'उच्चस्तरीय आयोग तथा छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर्नुको सट्टा १७ वर्षपछि सरकारले संघर्ष समितिसँग सम्झौता गरेर के गर्न चाहेको छ ?'

घटनाका बेला आयोग तथा समितिले तयार पारेका छानविन प्रतिवेदन सार्वजनिक नगरी राजनीतिक घटनालाई अपराधिक घटनाको प्रकृतिमा छानविन गर्दा न पीडितले न्याय पाउने न सत्यतथ्य बाहिर आउने उल्लेख गर्दै जसपा नेतृ रेणु यादवले भनिन्, 'साँच्चिकै गौर हत्याकाण्ड अनुसन्धान गर्न सरकारले चाहेको छ भने उच्चस्तरीय विश्वसनीय आयोग गठन गर्न माग गर्छु ।'

**जसपाको प्रष्टीकरण**

२०६३ चैत ७ गते तत्कालीन मधेशी जनअधिकार फोरमले रौतहट जिल्ला प्रशासनसँग १२ दिनअगावै पूर्व स्वीकृति लिई गौरस्थित राइस मिलको मैदानमा आमसभा आयोजना गरिएको थियो । कार्यक्रम आयोजना हुने स्थलमा नेकपा माओवादीले दुई दिनअघि मात्र कार्यक्रम गर्ने निर्णय गर्यो । स्थानीय प्रशासनले रोक्दारोक्दै प्रशासनको अनुमतिविना माओवादीले जबर्जस्ती सोही स्थानमा कार्यक्रम गर्ने हठ गरेको जसपाको आरोप छ ।

तत्कालीन मधेशी जनअधिकार फोरमले कार्यक्रम सुरु गरेलगत्तै विभिन्न जिल्लाबाट आएका माओवादी लडाकुले हातहतियारसहित वाइसिएलको पोशाकमा सभा बिथोल्न बम विष्फोट गर्यो । उनीहरुले बन्दुक पड्काउँदै मञ्चमै आक्रमण गरेपछि सहभागी नेता र कार्यकर्ता भागाभाग भएका थिए । सोहीक्रममा आक्रोशित स्थानीयको भिडले माओवादीको कार्यकर्तामाथि जाइलागेको भनाइ जसपा नेताको छ ।

'तत्कालीन नेकपा माओवादीका भ्रातृसंगठन मधेशी राष्ट्रिय मुक्ति मोर्चाका महासचिव प्रभु साहसहितको हठका कारण गौर हत्याकाण्ड भएको हो,' पत्रकार सम्मेलनमा सुमनले भने, 'नेकपा माओवादीले फोरमको सभामाथि आक्रमण गर्ने हत्याकाण्डको जिम्मेवार हो ।' घटनापछि माओवादीले नै केही व्यक्तिलाई उक्साएर काठमाडौँमा रहेको कारण कार्यक्रममा उपस्थित नै नरहेका उपेन्द्र यादवलगायत सैयौँ नेता, कार्यकर्ताउपर प्रतिशोधको भावनाले जाहेरी दर्ता गराइएको उनको आरोप छ ।

**प्रतिवेदन सार्वजनिक गर्न माग**

गौर हत्याकाण्ड सम्बन्धमा सम्बन्धमा नेपाल सरकारले सर्वोच्च अदालतका बहालवाला न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा गठन गरिएको छानबिन समितिले अध्यन र अनुसन्धानपश्चात सरकारलाई सोको प्रतिवेन, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले अप्रिल २००७ मा अध्यन र अनुसन्धान गरी सार्वजनिक गरेको प्रतिवेदन, राष्ट्रिय मानवअधिकार आयोगले तत्कालीन जिल्ला प्रशासन र प्रहरीले सरकारसमक्ष बुझाएको प्रतिवेदन र पाटन पुनरावेदन अदालतका न्यायाधीश र सुरक्षा निकायका अधिकारी रहेको जाँचबुझ आयोगलगायतले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न जसपाले माग गरेको छ ।

**माओवादीले नै आन्दोलन चर्काएको दाबी**

पत्रकार सम्मेलनमा जसपाले मधेश विद्रोहको प्रमुख दोषी पनि तत्कालीन नेकपा माओवादी नै रहेको आरोप लगाएको छ । २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भएपछि विभेदकारी संविधान भएको भन्दै तत्कालीन मधेशी जनअधिकार फोरम नेपालले देशभर विरोधको कार्यक्रम घोषणा गर्यो । सोहीक्रममा फोरम अध्यक्ष उपेन्द्र यादवलगायत २१ जनालाई माइतीघर मण्डलाबाट गिरफ्तार गरी सरकारले राज्यद्रोहको मुद्दा चलाउने निर्णय गरेको थियो । उनीहरुको रिहाइ माग गर्दै सुरु भएको आन्दोलनक्रममा लहानमा बन्दको अवज्ञा गर्दै माओवादी कार्यकर्ताले चलाएको गोली लागेर रमेश महतोको हत्या भएको र त्यहीँबाट मधेश आन्दोलन सुरु भएको जसपा नेताहरुको दाबी छ ।

२८ जनाको मृत्यु हुने गरी २०६३ चैत ७ मा रौतहटको गौरमा भएको घटनामा संलग्नलाई कारबाही गर्न माग गर्दै संघर्ष समितिले चरणबद्ध आन्दोलन गरेको थियो । साउन २३ गते प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले संघर्ष समितिसँग गौर घटनाका दोषीलाई कारबाही गर्ने लगायत विषयमा सम्झौता गरेपछि जसपा तरंगित भएको हो ।

# थुनामुक्त भए सांसद शर्मा



**मधेशदृष्टि**
**काठमाडौँ ।**

नेपाली कांग्रेसका सांसद सुनिल शर्मालाई काठमाडौँ जिल्ला अदालतले रिहा गरेको छ । नक्कली शैक्षिक प्रमाण पत्रसम्बन्धी विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले बुधबार शर्मालाई पक्राउ गरेको थियो । काठमाडौँ जिल्ला अदालतका न्यायाधीश डण्डपाणि शर्माको एकल इजलासले सांसद शर्मालाई भागी जाने सम्भावना नदेखिएको र निजले प्रमाण लोप वा नष्ट गर्ने अवस्थाको विद्यमानता समेत नरहेको कारण देखाएर रिहा गर्ने आदेश दिएको हो । अदालतले तारेखमा राखेर मुद्दाको अनुसन्धान गर्नु भनेर आदेश गरेपछि सांसद शर्मालाई रिहा गरेको सिआइबीका एसपी नवराज अधिकारीले जानकारी दिए ।

राष्ट्रिय परीक्षा बोर्डले सिआइबीलाई २०७९ साउन ५ गते नै पत्राचार गरेकामा अहिलेसम्म कुनै अनुसन्धान प्रक्रिया अगाडि बढाएको नदेखिएको आदेश पत्रमा उल्लेख गरिएको छ । कुनै व्यक्तिलाई अनुसन्धान गर्न मुलुकी अपराध संहिता, २०७४ बमोजिमको अपराधमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम अनुसूची १ र २ का मुद्दामा जरुरी पक्राउ पुर्जीसमेत दिई पक्राउ गर्न र मुद्दा अनुसन्धानका लागि थुनामा राखी अनुसन्धान गर्न सक्ने हुने पनि आदेशमा भनिएको छ ।

'अनुसन्धानका लागि कुनै व्यक्तिलाई थुनामा राख्दा निज भागी जाने सम्भावना छ कि छैन ? निजले प्रमाणको लोप, नाश गर्न सक्छ सक्दैन भन्ने समेत हेर्नुपर्ने हुन्छ,' अदालतले गरेको आदेशमा भनिएको छ, 'सांसद शर्माको हकमा त्यस्तो शंका गर्ने कुनै आधार नरहेको हुँदा थुनामा राख्नुपर्ने आवश्यक्ता देखिएन ।'

# लम्बियो पत्रकारको आन्दोलन




**मधेशदृष्टि**
**जनकपुर ।**

नेपाल पत्रकार महासंघ सप्तरीले प्रहरी प्रशासनले पत्रकारलाई विभिन्न बहानामा हस्तक्षेप गर्दै फोटो–भिडियो खिच्नसमेत रोक लगाएको भन्दै सुरु गरेको आन्दोलन लम्बिएको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीले जारी गरेको उर्दी र पछिल्लो केही दिनयता सप्तरीमा प्रहरीद्वारा पत्रकारमाथि भएको कुटपिट तथा प्रशासन कार्यालयमा भएको दुव्र्यवहारको विषयलाई लिएर आन्दोलित पत्रकार महासंघले साताव्यापी आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । महासंघ वार्ता–सम्वादको विरोधमा नरहेको जनाउँदै पछिल्लोपटक एकातर्फ वार्ताका लागि प्रशासन कार्यालयले बोलाउने र अर्कातर्फ सञ्चारमाध्यममा अन्तर्वार्ता दिएर प्रमुख जिल्ला अधिकारीले पत्रकारलाई नियन्त्रण गर्न खोजेको भनी वार्ता विरोधी काम गरेको भन्दै थप आन्दोलनका कार्यक्रम घोषणा गर्नु परेको महासंघका सचिव रामनारायण विश्वासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

महासंघले साउन २७ गते मौन जुलुस, २८ गते मैनबत्ती जुलुस, २९ गते सिटी जुलुस प्रदर्शन गर्ने, ३० गते जिल्ला प्रशासन कार्यालय परिसरमा एक घण्टा धर्ना बस्ने, ३१ गते दुई घण्टा बस्ने, ३२ गते तीन घण्टा बस्ने, भदौ १ गते २४ घण्टासम्म रिले अनशन बस्ने कार्यक्रम तय भएको विज्ञप्तिमार्फत जनाएको छ । संघर्षका कार्यक्रम जारी राखेरै जिल्ला प्रशासन कार्यालयसँग वार्ताका लागि मध्यस्थकर्ताको जिम्मेवारी कार्यसमिति सदस्य विद्यानन्द राम र कृष्णकुमार मण्डललाई दिइएको विज्ञप्तिमा उल्लेख छ ।

**वैभव भित्र**

– जसले राजा महेन्द्रलाई झुकाए
– वीरगंज बस्ती बसाउने माथेमालाई काटेर मार्नू भन्ने चन्द्र शमशेरको आदेश
– हे, ईश्वर मलाई पुरुष किन बनायौ ?
– मधुस्रावनी महत्व
लगायतका सामग्री पृष्ठ 'क', 'ख', 'ग' र 'घ' पढ्नुहोस् ।






# व्यापारी अकुडियाका छोरा पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
व्यापारी राकेश अकुडियाका छोरा रोहन अडुकिया त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट पक्राउ परेका छन् । नयाँ दिल्ली हुँदै इन्डिगो विमानमार्फत काठमाडौं आएका उनलाई विमानस्थलबाटै पक्राउ गरिएको त्रिभुवन विमानस्थलका डीआईजी अर्जुन चन्दले जानकारी दिए । पक्राउ परेका उनलाई अध्यागमन विभागले राजश्व अनुसन्धान विभागमा बुझाइएको छ । यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिएको एक क्विन्टल सुन तस्करी प्रकरणको अनुसन्धानका क्रममा राजश्व अनुसन्धान विभागले व्यापारी अडुकियाको घरमा छापा मारेको थियो ।
यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट केही हप्ता पहिले पक्राउ परेको करिब एक सय किलोभन्दा बढी सुन तस्करी प्रकरणमा शुक्रबार थप दुई चिनियाँ नागरिक पक्राउ परेका छन । उक्त प्रकरणमा चिनियाँ नागरिकद्वय ली जियाइलियन र लिउ फुयानलाई विमानस्थलबाट पक्राउ गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख रामबन्धु सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार चीनतर्फ प्रस्थान गर्न लागेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिइएको हो । पक्राउ परेका चिनियाँ नागरिकलाई थप अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)को जिम्मा लगाएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले जनाएको छ ।

# जिप्रका बाराद्वारा एक वर्षमा चारसय बढी मुद्दा फछ्र्योट




**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय बारामा आर्थिक वर्ष २०७९/८० मा दर्ता भएका १ हजार ८ वटा मुद्दामध्ये ४ सय ४४ वटा मुद्दा फर्छ्यौट गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले प्रहरीमा दर्ता भएका मुद्दामध्ये ४४ दशमलव ०४ प्रतिशत मुद्दाको टुङ्गो लगाइएको बताए । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा बारा प्रहरीमा दर्ता भएका जम्मा १ हजार ३७ मुद्दामध्ये ५ सय ९६ वटा फर्छ्यौट भएका थिए । लागूऔषध दुव्र्यसनी तथा अवैध बेचबिखन नियन्त्रण सम्बन्धी कसूरमा गत आर्थिक वर्षमा दर्ता भएका ९५ वटा मुद्दामध्ये ७७ वटा फर्छ्यौट भएको प्रहरी उपरीक्षक बोगटीले जानकारी दिए । लागु औषध मुद्दामा गत बर्ष १ सय ३८ जनालाई पक्राउ गरिएको थियो । गत आर्थिक वर्षमा बारा प्रहरीले ४ सय ८९ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जसको जम्मा कैद १ सय ७६ वर्ष ८ महिना १८ दिन हुँदा १ करोड, ५४ लाख ९३ हजार ४ सय २६ रुपैयाँ जरिवाना संकलन भएको छ । वन्यजन्तु तस्करीविरुद्धको कारवाहीलाई पनि प्रहरीले तिव्रता दिएको प्रहरी उपरीक्षक बोगटीले दाबी गरे । तथ्यांक अनुसार गत आर्थिक वर्षमा बारा प्रहरीले ३६ लाख ६२ हजार १ सय रुपैयाँ बराबरको १ हजार २ सय २१ क्युफिट सालको काठ बरामद गरेको छ । काठ तस्करीमा संलग्न ९ जनालाई प्रहरीले पक्राउ समेत गरेको बोगटीले बताए । गत आर्थिक बर्षमा वारा प्रहरीले तस्करीको १२ करोड ६१ लख २३ हजार ९ सय ८९ रुपैयाँ बराबरको सामाग्री बरामद गरेर भन्सार चलान गरेको तथ्यांकमा उल्लेख छ । तस्करीमा संलग्न १९ जनालाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ ।

# ‘विशेष आन्तरिक अभियान’ अन्तर्गत बृहत बैठक सम्पन्न




**मधेशदृष्टि**
**पर्सा ।**
नेपाली कांग्रेसको सांगठनिक सुदृढीकरणका लागि साउन २० देखि ३० गते सम्म ‘विशेष आन्तरिक अभियान’ चलाउने केन्द्रीय परिपत्र अनुरुप पर्सा जिल्ला को क्षेत्रीय कार्य समिति क्षेत्र नम्बर १ मा बृहत बैठक शुक्रबार सम्पन्न भएको छ । नेपाल भरी नै संचालन भएको विशेष आन्तरिक अभियान कार्यक्रम लाई सफल बनाउन नेपाली कांग्रेस ले आफ्नो आफ्नो केन्द्रिय नेताहरु लाई जिम्मेवारी दिएको छ ।
आज भएको विशेष आन्तरिक अभियान अन्तर्गत बृहत बैठक लाई सम्बोधन गर्दै बिरगंज महानगर पालिका उप मेयर एवम नेपाली कांग्रेस पर्सा का जिल्ला सचिव इम्तियाज आलम ले अबको दिनमा नेपाली कांग्रेसलाई एक ढिका बनाएर लैजान बताए । नेपाली कांग्रेस गुट–उपगटको कारण कमजोर हुँदै गएको ले अहिके सम्पुर्ण नेपाली कांग्रेसका नेता कार्यकर्तालाई समेटेर बलियो पार्टी बनाउने बताए ।आउने दिनमा पार्टीलाई बिरगंज महानगरमा फुल बहुमतले बिजय गराउने उदेश्यले आफु लागि परेको बताए ।
सो बैठक मा का उप सभापति राम नारायण कुर्मी ले नेपाली कांग्रेस का केही ब्यक्ती को कारण धेरै ठाउमा पराजित हुनु परेको बताए । त्यस्ता ब्यक्तीहरु लाई नेपाली कांग्रेस बाट निकाला गर्नुपर्ने तथा पार्टी लाई सुदृढीकरण गर्नुपर्ने बताए ।
शुक्रबार भएको बृहत बैठक कार्यक्रम नेपाली कांग्रेस पर्सा क्षेत्र नं १ का कार्यवाहक अध्यक्ष अनिल प्रसाद सिंह को अध्यक्षता मा बसेको थियो ।सो बैठक कार्यक्रममा नेपाली कांग्रेस पर्सा का बरिस्ठ नेता श्याम पोखरेल,महिला संघ कि केन्द्रिय सदस्य किरण सरकार,महिला संघ पर्सा कि अध्यक्ष किरण शर्मा,नेपाली कांग्रेस का नेता प्रकाश उपाध्याय , रम्भा मिश्र , नेपाली कांग्रेस का युवा नेता धर्मराज यादव को उपस्थिति रहेको थियो ।

# सुन्दरपुर स्वास्थ्य चौकी प्रायः बन्द !

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको सोनमा गाउँपालिकाको सुन्दरपुर स्वास्थ्य चौकी कर्मचारी विहीन रहँदा प्रायः ताल्चा झुण्ड्याइएको देख्न सकिन्छ ।
प्रायः बन्द रहने स्वास्थ्य चौकीमा दरबन्दीका तीन र एक जना करारका कर्मचारी कार्यरत छन् । एक स्थानीयले जनाएअनुसार बिरामीले चाहेको बेला यहाँ न त चिकित्सक हुन्छ, न त कार्यालय नै खुलेको हुन्छ ।
सुन्दरपुर स्वास्थ्य चौकीका कर्मचारी शम्भु साहले संस्थालाई गाउँपालिकाले बेवास्ता गर्दा स्वास्थ्य चौकीमा बसेर कार्य गर्ने खालको नरहेको बताए ।
उनले स्वास्थ्यकर्मी फिल्डमा गएको बेला मात्रै स्वास्थ्यचौकीमा ताल्चा लाग्ने गरेको बताए ।
स्वास्थ्य चौकीमा दैनिक ३० जनासम्म बिरामी आउने गरेको र जाँचपछि निःशुल्क औषधि दिएर बिरामी घर पठाउने गरेको उनले दावी गरे । उनले दावी गरिरहँदा स्थानीय सुकियादेवी यादवले स्वास्थ्यचौकी खुल्ने र बन्द रहने ठेगान नभएको बताइन् ।
सुन्दरपुर स्वास्थ्य चौकीका कार्यालय प्रमुख लक्ष्मणप्रसाद यादवले आफैँले गाउँमै क्लिनिक सञ्चालन गरेर बसेकाले स्वास्थ्य चौकीलाई समय दिन नसकेको स्थानीयको भनाइ छ ।
तर कार्यालय प्रमुख यादवले आफूले कार्यालय समयमा क्लिनिक खोलेर नबसेको दाबी गरे ।
सोनामा गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकी र ४ वटा आधारभूत स्वास्थ्य केन्द्र रहको छ ।
सुन्दरपुर स्वास्थ्यचौकी र मैनटोल आधारभूत स्वास्थ्य उपचार केन्द्रबारे गुनासो आएपछि कार्यालय प्रमुखसहित स्वास्थ्यकर्मीलाई सचेतसमेत गराइएको छ ।

# टाउको फेला परेको मानिसको पहिचान



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको हरिवन स्थित लखन्देही पुल तल गाडिएको अवस्थामा फेला परेको पुरुषको टाउकाको पहिचान खुलेको छ ।
भारतको सितामाढी जिल्ला अन्तर्गत मनियारी बस्ने २३ वर्षिय गोलु भनिने अभिशेष राजको टाउको रहेको भन्दै परिवारजनले सनाखत गरेको जिल्ला प्रहरी कार्यालय मलंगवाका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जनाएका छन् ।
प्रहरी उपरीक्षक सुवेदीले भने, ‘अभिशेषका पिता राम दिवाकरलगायत अन्य परिवारका सदस्यहरुले टाउकाको सनाखत गरिसकेको छ, सनाखत भएको टाउको पोष्टमार्टमका लागि काठमाडौँ पनि पठाईसक्यौँ ।’
मृतकका पिता राम दिवाकरले गत साउन २० गते अभिशेष आफ्ना ४ जना छिमेकी साथिहरुसँग घुम्न भनि सर्लाही हिँडेको बताए । उनले अन्य ४ जना पनि हालसम्म गाउँघरमा सम्पर्कबिहीन रहेकाले अभिशेषको हत्यामा उनीहरुकै संलग्नता भएको हुनसक्ने अनुमानका साथ जिल्ला प्रहरी कार्यालय मलंगवा तथा ईलाका प्रहरी कार्यालय हरिवनले अनुसन्धान प्रकृया अगाडि बढाएको छ ।
मलंगवा स्थित प्रादेशिक अस्पतालले पोष्टमार्टम गर्न नमानेपछि प्रहरीले फेला परेको टाउकोलाई सुरक्षित रुपमा काठमाडौँ पठाउने तयारी थालेको थियो । तर भारतीय युवक रहेको हुनसक्ने जानकारी प्राप्त भएपछि टाउकोलाई पहिचानका लागि मलंगवा स्थित अस्पतालको पोष्टमार्टम कक्षमै राखिएको थियो भने शुक्रबार टाउकोको पहिचान खुलेपछि काठमाडौँ पठाइएको छ ।अभिशेषको अन्त कतै हत्या गरेर टाउको मात्र लखन्देही खोलामा फालेको हुनसक्ने भएकाले सागरनाथ वन विकास परियोजनासहित बाँके जंगल क्षेत्र तथा सम्भावित अन्य स्थानमा शरिरको तल्लो भाग खोज्नका लागि व्यापक रुपमा प्रहरी टोली खटाइएको उनले बताए ।
यता प्रहरीले अभिशेषसँगै चार जना आएका युवकहरुको पनि खोजी कार्य गर्न थालेको छ ।

# जनप्रतिनिधिकै संलग्नतामा नदीजन्य पदार्थ उत्खनन्



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा जनप्रतिनिधि आफैले गरेको निर्णय गरेको वर्षदिन नवित्दै आफैले गरेको निर्णय विपरितको कार्यमा तल्लिन छन् । जिल्लाको बर्दिबास नगरपालिका वडा नम्बर ३ का वडाअध्यक्ष बिराट कुमार विष्टले आफैले गरेको निर्णय विपरित लागिपरेका हुन् । २०७९ असार ४ गते बर्दिबास नगरपालिकास्थित वडा नम्बर ३ का वडा अध्यक्ष विष्टले वडाभित्रको नदीजन्य पदार्थ निकासीमा रोक लगाउने निर्णय गरेको थियो । तर निर्णय गरेको एक बर्ष नवित्दै कार्यान्वयनमा ल्याउन नसकेपछि स्थानीयवासी असन्तुष्ट छन् । नदीजन्य पदार्थको दोहनकै कारण जनप्रतिनिधिहरु आलोचित बनिरहँदा अध्यक्ष बिष्टले वडाभित्रको रातु खोला, खहरे खोला तथा सामुदयिक वन क्षेत्रवाट चोरी निकासीमा निगरानी गरी पुर्णरुपमा निषेध गर्ने विषयमा सार्वजनिक सुचना नै जारी गरेका थियो ।
यहाँबाट अहिले ट्याक्टरवालाहरुले नदिजन्य पदार्थ उत्खनन् गरेर खोला प्रवेशमा बाँधको लागी बनाइएको जाली तोडेर ओहोरदोहोर गर्ने गर्दापनि बर्दिबास नगरपालिकाले मौनता साँधेको आरोप स्थानीयवासीले लगाएका छन् ।

# छुट्टाछुट्टै दुर्घटनामा तीनको मृत्यु

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा छुट्टाछुट्टै स्थानमा गए राति भएको दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ ।
गएराति बिपी राजमार्गअन्तर्गत जिल्लाको बर्दिबास नगरपालिकामा जिपले ठक्कर दिँदा दुई पैदल यात्रुको मृत्यु भएको हो ।
बर्दिबासबाट सिन्धुलीतर्फ जाँदै गरेको प्र०१–०२६च ५६४३ नम्बरको जिपले बर्दिबास नगरपालिका वडा नम्बर ३ स्थित गुञ्ज होटल अगाडि बाटो काट्दै गर्दा बर्दिबास स्थित गौरीबासका ७२ वर्षिय रामबाबु मोक्तानलाई ठक्कर दिएको थियो । घाइते मोक्तानको उपचारको क्रममा जनसेवा अस्पताल बर्दिबासमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जनाएका छन् ।
त्यस्तै पूर्व–पश्चिम लोकमार्गअन्तर्गत बर्दिबास नगरपालिका वडा नम्बर ४ स्थित भब्सीपुलमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना४ख ७१५३ नम्बरको जिपले बाटो काट्दै गरेका पैदलयात्री महोत्तरी गाउँपालिका वडा नम्बर ६ स्थित गोनरपुराका ५९ वर्षिय जगदीश साहलाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते भएका साहलाई बर्दिबास सरकारी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको बर्दिबास प्रहरीले जनाएको छ ।
त्यसैगरी महोत्तरीको सम्सी गाउँपालिकामा ट्याक्टर ठक्करबाट एकको मृत्यु भएको छ भने एक घाइते भएका छन् ।
मृत्यु हुनेमा सम्सी गाउँपालिका वडा नम्बर २ बस्ने ७५ वर्षीय ईद्रिष मोहिम रहेको प्रहरीले जनाएको छ । भने स्थानीय ४५ वर्षीय शेष आलम गम्भिर घाइते भएका छन् ।
शुक्रवार सम्सी गाउँपालिका वडा नम्बर २ स्थित पर्साको सम्सी गौशाला सडक खण्डमा स १ त ५२९१ नम्बरको ट्याक्टर अनियन्त्रित भई रोड साईडमा रहेको किराना पसलमा ठोक्किदाँ उनीहरु दुबै जना घाईते भएका थिए । घाइतेहरुलाई जानकी एकेडेमी हस्पिटल पर्सा रामगोपालपुरमा उपचारको लागि भर्ना गरिएको थियो । उपचारकै क्रममा ईद्रिष मोहिमको मृत्यु भयो भने शेष आलमको उपचार भइरहेको प्रहरीले जनाएको छ ।
ट्याक्टर चालक सोनमा गाउँपालिका वडा नम्बर १ बस्ने २१ वर्षीय लक्ष्मी साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ । चालक र ट्याक्टर अहिले प्रहरी चौकी सम्सीको नियन्त्रणमा रहेको जनाइएको छ ।

# कञ्चनपुर नगर अस्पतालले औषधीमा अनियमितता



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको कञ्चनपुर नगर अस्पतालले औषधीमा अनियमितता गरेको पाइएको छ । आर्थिक चलखेल गरी २० महिना म्याद गुज्रिसकेको औषधि वितरण गरिरहेको पाइएको हो ।
कञ्चनपुर नगर अस्पतालले यस वर्षको असार मसान्तसम्ममा सुदामा फार्मेसी कञ्चनरुप नगरपालिका वडा नम्बर ८ बाट खरिद गरेका औषधीहरु मध्ये डिसेम्बर २०२१ मा म्याद गुज्रिसकेको औषधिसमेत आर्थिक कमिसनको खेलमा खरिद गरेको देखिएको छ ।फार्मेसी हुँदै, नगर अस्पतालदेखि स्वास्थ्य चौकीसम्मलाई पनि प्रभावमा पारी गरेको चलखेलका कारण सर्वसाधारण सेवाग्राही म्याद गुज्रिएको औषधि खान बाध्य रहेको स्थानीयवासीले बताएका छन् ।नगर अस्पताल एक कर्मचारीले जनाएअनुसार आर्थिक वर्ष २०७८/०७९ को तुलनामा करिब ४० लाख रुपैयाँ बराबरको औषधि खरिद गरिएको छ ।
गत आर्थिक वर्ष २०७९/०८० मा अस्पतालले एक करोड रुपैयाँ बराबरको औषधि सुदामा फार्मेसीबाट खरिद गरेको छ भने एक लाख रुपैयाँ मुल्य बराबरको औषधिको म्याद गुज्रिसकेको अस्पताल प्रशासनले जनाएको छ ।
यस बारे कञ्चनरुप नगरपालिकाका मेयरसमेत रहेका नगर अस्पतालका अध्यक्ष ललन प्रसाद गुप्ताले औषधि खरिद आफू जिम्मेवारीमा आउनु अघि देखि नै खरिद भएको भन्दै यस प्रकारको बेतिथि भेटिए जो कोहीलाई पनि कारबाही गरिने बताए ।

# सम्पादकलाई चिठ्ठी

**श्री सम्पादकज्यू,**
उपरोक्त सम्बन्धमा मधेशदृष्टि दैनिक पत्रिकाको २०८० साउन २६ गतेको अङ्कमा प्रकाशित सिडिओले जारी गरेको सूचना स्थगन शीर्षकको समाचारमा मेरो हवालामा नेपाल पत्रकार महासंघ, सप्तरीको आन्दोलन स्थगित भनी उल्लेख गरिएकोमा आश्चर्यचकित भएको छु ।
यस सम्बन्धी कुनै प्रतिक्रिया नदिंदा पनि मेरो स्रोत उल्लेख गरेर आन्दोलन स्थगित गरिएको समाचार लेख्नु पत्रकार आचारसंहिता विपरितको कार्य हो ।
प्रेस स्वतन्त्रता विरोधी सूचना जारी गर्ने जिल्ला प्रशासन कार्यालय सप्तरीले गल्ती स्वीकार नगरेका कारण नेपाल पत्रकार महासंघ, सप्तरी शाखाको आन्दोलन जारी नै रहेको जानकारी गराउँदछु ।

**श्रवण देव**
अध्यक्ष
नेपाल पत्रकार महासंघ, सप्तरी

# मिटर ब्याजपीडितहरुको प्रदर्शन

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको सदरमुकाममा मिटर ब्याजपीडितहरुले शुक्रबार स्थानीय प्रहरी प्रशासन तथा नेता विरुद्ध प्रदर्शन गरेका छन् ।
सिरहा नगरपालिकाको विभिन्न चोकमा प्रदर्शन गर्दै मिटरब्याज पीडितले आयोग र कानून बनेपनि पीडितको पक्षमा काम नहुने गरेको भन्दै उनीहरुले प्रदर्शन गरेका हुन् ।
जिल्ला प्रशासन कार्यालय सिरहा र जिल्ला प्रहरी कार्यालय सिरहाको गेट अगाडि उनीहरुले केहीबेरसम प्रदर्शनसहित नारावाजीसमेत गरे ।
प्रहरी प्रशासनले मिटर ब्याजीहरुसँग मिलेर काम गर्ने गरेको, मिटरब्याजीलाई राजनीतिक दलका नेताहरुले संरक्षण दिएको, मिटरब्याजीहरु मिलापत्रका लागि बोलाइने छलफलमा आउन अटेरी गर्दा पनि पक्राउ गर्न प्रहरी प्रशासन ढिलासुस्ती गर्दै आएको भन्दै स्थानीय प्रहरी प्रशासन विरुद्ध पीडितहरुको प्रदर्शन गरेका छन् ।







हरिशंकर शर्मा

# ‘वीरगंज’ इतिहास, पहिचान र पर्यटकीय स्थल

मधेश प्रदेशको एक मात्र महानगर ‘वीरगंज महानगरपालिका’ पर्साको प्रमुख सहर तथा महानगरपालिका हो । यस महानगरलाई ‘नेपालको प्रवेशद्वार’ भनेर चिनिन्छ । व्यापार, व्यवसायदेखि उद्योग कलकारखाना रहेको कारण वीरगंजलाई व्यापारिक सहर भन्ने गरिएको छ । र, यसलाई आर्थिक राजधानीका रुपमा पनि भन्ने गरिएको छ । वीरगंज ट्रेड एण्ड ट्रान्जिटको केन्द्र पनि हो । वीरगंज सबैभन्दा बढी भन्सार राजस्व संकलन हुने नाका पनि हो । यहाँबाट नेपालले भारतलगायत अन्य मुलुकबाट आयात निर्यात गर्ने गरेका कारण मुलुकको आधा भन्दा बढी राजस्व संकलन हुने स्थान हो वीरगंज । यहाँ एकीकृत जाँच चौकीदेखि सुक्खा बन्दरगाह पनि छ । नेपाललाई रेलमार्गसँग जोड्ने पहिलो सहर पनि वीरगंज नै हो । चितवन, काठमाडौँ तथा पोखरालगायत मुलुकका अधिकांश स्थानका लागि यही ठाउँ हुँदै सामान आयात निर्यात गरिन्छ ।

श्री ३ वीर शमशेर जङ्गबहादुर राणाको प्रधानमन्त्रीत्वकालमा विसं. १९४२–१९५८ पर्साको अलौ भन्ने स्थानबाट गहवा गाउँमा सदरमुकाम सारिएपछि गहवा गाउँलाई उनैको नाममा वीरगंज नामाकरण गरिएको हो । यहाँ धार्मिक पर्यटकीयस्थलका रुपमा भगवती माता ‘गहवामाई मन्दिर’ पनि छ । नेपाल भारतको मुख्य प्रवेशद्वार शंकराचार्य गेट पनि वीरगंजमै छ । अध्ययनका लागि ठाकुरराम बहुमुखी क्याम्पस, मधेश विश्वविद्यालयका साथै अन्य कलेज पनि छन् । स्वास्थ्य उपचारका लागि पनि वीरगंजमा निकै विकास भएको छ । तत्कालीन नारायणी उपक्षेत्रीय अस्पताल अहिले स्तरोन्नति गरी क्षेत्रीय अस्पतालका रुपमा विकास गरिएको छ भने यहाँ एक दर्जन भन्दा बढी ठूला अस्पताल छन् । नेशनल मेडिकल कलेज, एलएस न्यूरो हस्पिटल, नारायणी मेडिसिटी बयोधा हस्पिटल, वीरगंज हेल्थ केयरलगायत एक दर्जन भन्दा बढी अस्पताल सञ्चालनमा छन् । त्यसका साथै केही नर्सिङ होमसमेत रहेको वीरगंजमा प्रदेशस्तरीय तथा जिल्लास्तरीय सरकारी कार्यालय पनि छन् ।



**इतिहास**

अलौ पर्वः विसं. १९०४ मा जङ्गबहादुरले राजा राजेन्द्रलाई गद्दिच्युत गरेपछि, जङ्गबहादुरविरुद्ध फौज खडा गरी राजेन्द्र अलौमा शिविर बनाएर बसेका थिए । जङ्गबहादुरको सेनासामु राजा राजेन्द्रको सेनाको केही लागेन र राजा राजेन्द्रलाई बन्दी बनाइयो । यस घटनालाई अलौ पर्व भनिन्छ ।

तत्कालीन श्री ३ वीर शमशेरले विसं. १९४५ देखि १९५० को बीचमा वीरगंज बजार स्थापना गरेको अनुमान छ । वीर शमशेरले स्थापना गरेको हुनाले यसको नाम वीरगंज रहन गएको भनाइ रहेको छ । वीरगंज स्थापनाभन्दा अगाडि पर्साको मुख्य केन्द्र अलौ थियो । वीरगंज बजारको स्थापनाभन्दा अगाडि यस आसपासका गाउँ बगही, अलौ, बरेवा, कलैया, प्रसौनी, इनरुवा, छपकैया, अस्तित्वमा आइसकेका थिए । कलैयाबाट प्रसौनी, इनरवा गाउँ हुँदै छपकैया भएर अलौ जाने सानो बाटो थियो, बाटोलाई रजैया सडक भनिन्थ्यो ।

जङ्गलले ढाकेको स्थानमा वीरगंज बजार स्थापना गर्न श्री ३ वीर शमशेरले आफ्ना विश्वासपात्रद्वय सिद्धवीर माथेमा र ध्वजवीर माथेमा (दुई दाजुभाइ) लाई क्रमशः मालअड्डा तथा काठ मालअड्डाको हाकिम बनाई वीरगंज खटाएका थिए । त्यसै सिलसिलामा सिद्धवीर माथेमाले निःशुल्क जग्गा तथा काठ वितरण गर्नुका साथै वीरगंजमा घर बनाउनेलाई नगद व्यवस्था गरी सहयोग गरेका थिए । यो कार्यले पछि चन्द्र शमशेरको पालामा सिद्धवीर माथेमालाई मृत्युदण्डको सजायसमेत भुक्तान गर्नुपर्ने अवस्था आएको थियो ।

वीर शमशेरको विसं. १९५७ मा मृत्यु भएपछि श्री ३ देव शमशेर महाराज भए । तर चन्द्र शमशेरले चाल चली तीन महिनाभित्रै देव शमशेरलाई अपदस्त गरी आफैँ श्री ३ महाराजा बने । स्व. वीर शमशेर र देव शमशेरका मान्छेलाई चन्द्र शमशेर देखिसहँदैनथे । वीर शमशेरका खास मान्छे सिद्धवीर माथेमामाथि रिसइबी साँधी उनले सम्हालेको माल अड्डा जाँच गराउन लगाई माथेमामाथि तीन लाख रुपैयाँ अनियमितता गरेको आरोप लगाइएको थियो ।

सिद्धवीरले वीरगंज बजार बसाउन खर्च गरिएको हिसाब देखाउँदा त्यसलाई अमान्य ठहर गरियो र तत्काल रकम तिर्न आदेश जारी भयो । माथेमाले आफूले नखाएकाले रकम तिर्न नसक्ने जवाफ दिएपछि सजायस्वरूप ‘छातीमा साइनबोर्ड टाँसेर बाजागाजासहित बजार परिक्रमा गराउँदै मच्छाखुशीमा लगेर काटी मारिदिनू’ भन्ने मृत्युदण्डको मौखिक फैसला भयो । खाइ नखाई अहोरात्र खटेर वीरगंज बजार स्थापनामा वीर शमशेरलाई सहयोग पु¥याउने माथेमामाथि मृत्युदण्डको फैसला भएको खबर सुनेपछि स्व. श्री ३ वीर शमशेरकी महारानीले आफ्ना तर्फबाट तीन लाख रकम तिरिदिएर माथेमालाई मृत्युदण्डको सजायबाट छुटकारा दिलाएकी थिइन् ।

चन्द्र शमशेरले आफ्ना दाइले स्थापना गरेको वीरगंज बजारलाई समेत विस्थापित गर्न चाहेका थिए । उनी वीरगंजको बजारलाई त्यहाँँबाट हटाएर रौतहटको हजमिनियामा बसाउन चाहन्थे । बजार विस्थापित गर्ने चालअनुसार विसं. १९८० मा रक्सौलदेखि वीरगंजको मुख्य बजार अतिक्रमण गर्दै अमलेखगंजसम्म रेललाइन सेवा विस्तार गरे । लिंकबाट रेल कुद्दा आसपासका घर चर्कने, फुट्ने र बासिन्दा आतंकित हुने गर्थे तर वीरगंजबासी अनेक बिन्तीभाउ गर्दै रेललाइन बजार बाहिर सार्न अनुरोध गर्न लागे तर उनीहर हजमिनिया जान तयार भएनन् । पछि रेल्वे लिंक बजारको पूर्वतर्फ (बजार बाहिर) सारिएको थियो ।

## शंकराचार्य गेट



नेपाल भारत मुख्य प्रवेशद्वारको रुपमा चिनिने शंकराचार्य गेट वीरगंजमै छ । भारतीय सीमावर्ती सहर रक्सौलबाट वीरगंज प्रवेश गर्दा मितेरी पुल कटेपछि वीरगंज आउनुअघि मुख्य सडकमा शंकराचार्य गेट छ ।

वीरगंजको पहिचान बोकेको स्वागतद्वारको रुपमा शंकराचार्य गेटलाई हेरिन्छ । काँची कामकोटी विद्यापीठपति जगद्गुरु शंकराचार्य श्री १००८ जयन्द्र सरस्वती स्वामीले २०३१ साल जेठ ४ गते शिलान्यास गरिएको गेट २०४४ साल चैतमा उनैले उद्घाटन गरेका थिए । गेट निर्माणका लागि वीरगंजका उद्योगी व्यापारीले चन्दा सहयोग गरेका थिए ।

## पारसनाथ मन्दिर



पारसनाथ मन्दिर स्थापना पारसनाथ बाबाले गरेको किम्बदन्ती छ । जैन धर्माबलम्बी पनि यसमा आस्था राख्छन् । यो मन्दिरको निर्माण विसं. १६०० सालमा नेपालका एक राजाले बनाउन लगाएका थिए ।

विसं.१६०० सालमा तत्कालीन जंगल रहेको महुवन गाउँमा जंगलको बीचमा (अहिलेको पारसनाथ मन्दिर रहेको स्थान) भनुनाथ भन्ने एक बाबा ध्यान गरेर बसेका थिए । उनी जंगल बीचमा ध्यान गरिरहेका बेला त्यसबेला बाइसी चौबिसी राज्यमा रहेको नेपालका राजा मणिमुकुन्द सेन घुम्दाघुम्दै पुगेका थिए । जंगलमा पुगेका राजा सेनले जंगलको बीचमा ध्यानमा बसिरहेका भनुनाथ बाबाको नजिक पुगे ।

नजिक पुग्दा बाबा भनुनाथ ध्यान गरिरहेको स्थानमा बाघसमेत रहेको राजा सेनले देखे । त्यस पश्चात बाबा भनुनाथले राजा मणि मुकुन्द सेनलाई नजिक आउनुस् यो बाघले तपाईंलाई केही पनि गर्दैन भनेर भने । राजा बाबाको नजिक गए । बाबाको नजिक गएका राजा मणि मुकुन्द सेन बाबाको ध्यानलाई हेरेर अति प्रशन्न भए । राजा मुकुन्द सेन खुशी हुँदै बाबा भनुनाथलाई एक दिनमा तपाईं जति पनि ठाउँ घुम्न सक्नुहुन्छ त्यति ठाउँको जग्गा मन्दिरको लागि दान दिने भने । बाबा भनुनाथ एकदिनमै करिब साढे १७ सय बिघा घुमेको र ती सबै जग्गा राजा मुकुन्द सेनले पारसनाथ मन्दिरका लागि दिएको मन्दिरका पुजारीको भनाइ छ ।

साढे १७ सय बिघा जग्गालाई मन्दिरको जग्गाको रुपमा लिइएको थियो । राजाबाट जगगा पाएपछि तीनै बाबा भनुनाथले एतिहासिक पारसनाथ मन्दिर बनाउन लगाएका थिए । साढे १७ सय बिघा जग्गा मन्दिरलाई राजाले दानस्वरुप दिएको भए पनि करिब ३० बिघामा मात्रै मन्दिर बनेको छ । अरु जग्गामा भने मन्दिरको नाममै त्यसबेला रहेको थियो ।

मन्दिरमा रहेको त्रिशुलले भने अहिले पनि आफ्नो दिशा बदल्ने गरेको छ । समयसमयमा मन्दिरमा रहेको त्रिशुलले आफ्नो दिशा आफैँ परिवर्तन गर्ने गरेको छ । करिब ५ सय वर्ष पहिले निर्माण गरिएको पारसनाथ मन्दिर परिसरमा स–साना ६ वटा समाधिस्थल छन् । समाधि मन्दिरमा पूजा गर्ने पुजारीको रहेको बताइन्छ ।

## गहवाई मन्दिर



गहवामाई मन्दिर वीरगंजको एक प्रसिद्ध मन्दिर हो । यो गहवामाई भगवतीको मन्दिर हो । हाल गहवामाईको मान्दिर रहेको ठाउँमा एउटा ठूलो अजङ्गको पिपलको रुख थियो । पिपलको रुखमुनि एउटा सानो मन्दिर बनाई गहवामाईको स्थापना कार्य भयो ।

कालान्तरमा पछि पिपलको रुख काटी सानो मन्दिरको ठाउँमा अलि ठूलो मन्दिर बनाई परिसरको बेलाबेलामा मर्मतसम्भार तथा निर्माण गरी हालको अवस्थामा गहवामाई मन्दिरको स्वरूप खडा भएको छ । यो मन्दिरको सञ्चालनार्थ एउटा कमिटीअन्तर्गत कार्यसम्पादन गरिन्छ ।

मन्दिरको क्षेत्रफल करिब ७ हजार २ सय २५ वर्ग फिट छ । मन्दिरको तीनवटा ढोका छन् । मूल ढोका पश्चिमपट्टि छ । मन्दिरको खोलिने समय ग्रिष्म ऋतुमा बिहान ४ बजेदेखि दिउँसो १२ बजेसम्म र शरद ऋतुमा बिहान ५ बजेदेखि १२ बजेसम्म र साँझ ४ बजेदेखि राति ८.३० बजेसम्म बाह्रै महिना खुल्दछ । मन्दिरमा अनेकौँ देवीदेउताको मूर्ति छन् । तर शक्ति एवम् बलदानी दुर्गा भवानीको सूर्यको निमित्त यो मन्दिरको लोकप्रिय छ । यो वीरगंजको सबैभन्दा प्रमुख र मानिसको निकै चहलपहल हुने क्षेत्र हो ।

प्रत्येक वर्ष दशैँका बेला घटस्थापनादेखि पूर्णिमाका दिनसम्म श्रद्धालु भक्तजनको घुइँचो लागिरहन्छ । नवरात्रीका बेला बिहान ४ बजेदेखि घुइँचो लागिसक्छ । अष्टमीका दिन देवीलाई पशुबली पनि चढाइन्छ । पशुबली धेरैजसो बोका र भाले काटिन्छ ।

## घण्टाघर

झण्डै साढे चार दशकअघि निर्मित वीरगंजको घण्टाघर मुलुककै सर्वाधिक आकर्षक, कलात्मक तथा प्रख्यात छ । वीरगंजको घण्टाघर जति प्रसिद्ध छ यसको निर्माणको कथा पनि उत्तिकै रोचक र सह्रानीय छ । जापानको योगानो सहरका स्कूले विद्यालयका बच्चाले आफ्नो खाजा र खाना खाने पैसा जोगाएर यसको निर्माणमा मद्दत पु¥याएका थिए । साथै, जापानी सिको ब्राण्डको घडी टावरमा जडान गर्न उपहारसमेत पठाएका थिए । सन् १९७६ ताका निर्माण भएको वीरगंजको घण्टाघर बनाउन तत्कालीन अञ्चलाधीश लक्ष्यबहादुर गुरुङ र स्थानीय जनताको सक्रिय सहभागितामा नगर पञ्चायतले जग्गा उपलब्ध



गराएको थियो ।

तत्कालीन वीरगंज जेसीज र जापान जेसीजको पहलमा निर्माण भएको घण्टाघर वीरगंजलगायत मुलुककै लागि गर्वको विषय बनेको छ । अद्भूत कलात्मक शैलीसहित सहरको मध्य भागमा अवस्थित वीरगंजको घण्टाघरले जो कोहीलाई पनि आफ्नोतर्फ आकर्षित गरिरहेको हुन्छ । विगत केही दशकदेखि वीरगंज महानगरपालिका र नेपाल टेलिकमको संयुक्त पहलमा यसको संरक्षण र सम्वद्र्धन हुँदै आए पनि अझ यसको मर्मत, रंगरोगन र सुरक्षाको खाँचो छ । विगत साढे चारदशकदेखि अनेकौँ उतारचढावका बाबजुद वीरगंजको शान र मुलुकको पहिचानका रूपमा स्थापित घण्टाघरको आवश्यक रेखदेख, सम्वद्र्धन र प्रवद्र्धनको पनि नितान्त निरन्तरता देखिन्छ । अन्ततः राष्ट्रको गरिमामय र ऐतिहासिक धरोहर वीरगंजको घण्टाघरको ख्यातीलाई पर्यटकीय गन्तव्यको रूपमा रूपान्तरित गर्दै समयसापेक्ष साकार गर्नुपर्ने देखिन्छ ।

## रीतिथिति

विसं. २०१० मा नगरपालिका घोषणा भएको वीरगंजमा विशेषगरी दशैँ, तिहार, छठ, मकर संक्रान्ति, रामनवमी, फागु, कृष्णाष्टमी, भीमसेन जात्रा, शिवरात्री र श्रीपञ्चमी आदि चाडपर्व मनाउने हिन्दू, बौद्ध, इस्लाम, जैन र इसाई धर्मावलम्बी छन् । धार्मिक सहिष्णुता रहेको वीरगंजमा हिन्दूधर्म र दर्शनको दिग्दर्शन हुने शंकराचार्य द्वार (वीरगंज), बौद्ध चैत्य–विहार, सङ्गीतमय फोहरासहित घडिअर्वा पोखरी, गहवामाई मन्दिर, नैतले काली मन्दिर, घण्टाघर (वीरगंज), भारतीय रेल्वे सञ्जालसँग जोडिएको नेपालको एक मात्र सुक्खा बन्दरगाह, स्वीमिङ पुल, महावीर मन्दिर, विर्तामाई मन्दिर, हनुमान मन्दिर, अलखियालगायत विविध धार्मिक तथा पर्यटकीय स्थल छन् । काठमाडौँ बाहिर भारतीय महावाणिज्य दूतावास र परराष्ट्र मन्त्रालयको सम्पर्क कार्यालय वीरगंजमा मात्र छ । विशेषगरी भोजपुरी, नेपाली, नेवारी, मैथिली र मारवाडी भाषाभाषी बसोबास गरेको वीरगंज महानगरपालिका ७५.२४ वर्ग किमिमा फैलिएको र ३२ वडामा विस्तारित छ । राष्ट्रिय जनगणना २०७८ अनुसार २ लाख ७ हजार ९ सय जनसंख्या छ ।

वीरगंज नगरपालिका घोषणापछि नगरप्रमुखमा क्रमशः केशरबहादुर मानन्धर (२०१०–२०१८), स्व. पशुपति घोष (२०१९–२०२५), गणेशबहादुर रावल (२०२५–२०३०), स्व. गोपालप्रसाद प्रधान (२०३०–२०३८) र विमलप्रसाद श्रीवास्तव (२०३९–२०४६) कार्यरत थिए । बहुदलीय प्रजातन्त्र प्राप्त भएपछि २०४९ सालमा नगर प्रमुखमा नेपाली कांग्रेसका स्व. माधवलाल श्रेष्ठ र उपप्रमुखमा अजय द्विवेद्वी निर्वाचित भए भने २०५४ को दोस्रो निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका विमलप्रसाद श्रीवास्तव नगरप्रमुख र नेपाली कांग्रेसका कृष्णमुरारी रौनियार उपप्रमुखमा निर्वाचित भए । विसं. २०६० पछि करिब एकवर्ष श्री ५ को सरकारले राप्रपाका गोपाल गिरीलाई प्रमुख र कृष्णमुरारी रौनियारलाई उपप्रमुख पदमा मनोनयन गरेकामा २०६० माघ १ गते नगर प्रमुख गिरीलाई माओवादीले गोली हानी हत्या गरेपछि सरकारले राप्रपाका प्रदीपकुमार सुवेदीलाई नगरप्रमुखमा मनोनयन गरेको थियो । विसं. २०७४ मा सम्पन्न स्थानीय निर्वाचनमा महानगरपालिकाको प्रमुखमा बिजय सरावगी र उपप्रमुखमा शान्ति कार्की निर्वाचित भए भने विसं. २०७८ मा सम्पन्न स्थानीय निर्वाचनमा नगर प्रमुखमा राजेशमान सिंह र उपप्रमुखमा इम्तियाज आलम निर्वाचित भए ।

## भौगोलिक अवस्थिति

मुलुकको आर्थिक राजधानी र प्रवेशद्वारको रूपमा परिचित औद्योगिक एवम् व्यापारिक सहर वीरगंजको स्थापना राणा प्रधानमन्त्री वीर शमशेरले सन् १८९७ (वि.सं.१९५४)मा गरेको हुनाले उनकै नाउँमा सहरको नाम रहेको हो । भारत चम्पारण जिल्लाको सीमावर्ती बजार रक्सौलबाट करिब तीन किलोमिटरको दूरीमा र नेपालको दक्षिणी तराई क्षेत्रमा अवस्थित वीरगंज सहर समुद्री सतहदेखि सरदर ९१ मिटर उचाइमा छ । पूर्व र उत्तरमा बारा जिल्ला, पश्चिममा रामगढवा, पर्सैनीविर्ता र सिर्सिया खलवाटोला र दक्षिणमा छिमेकी मुलुक भारत छ । पश्चिम तर्फका गाउँ गाविस रहे पनि हाल वीरगंज महानगरपालिकामा गाभिएको छ । वीरगंज सहर पर्साको सदरमुकाम पनि हो । त्रिभुवन राजपथ र महेन्द्र राजमार्ग जोड्ने पथलैयाबाट २८ किमि उत्तर र काठमाडौँ हवाइमार्गबाट १५ मिनेटको दूरीमा अवस्थित तथा सिमरा विमानस्थलबाट अत्यन्त नजिकै वीरगंजमा नेवार, बाहुन, क्षेत्री, मुसलमान, थारू, कुर्मी, यादव, कानु, तेली, कलवार, कोइरी, चमार, दुसाध, बढई, लोहार, तत्मा, मल्लाह, मारवाडी, तामाङलगायतका जाति–समुदायका व्यक्ति पारस्परिक सद्भावका साथ बसोबास गर्दै आएका छन् । हाल सखुवाप्रसौनी गाउँपालिकामा पर्ने महुवन्मा रहेको पारसनाथको मन्दिरको नामबाट पर्सा जिल्लाको नामकरण गरिएको हो ।

वैभव मधेशदृष्टि

२०८० साल साउन २७ गते शनिबार
Saturday 12, August 2023

इतिहास



अजयकुमार झा

# रामराजाप्रसाद सिंहः

## जसले राजा महेन्द्रलाई झुकाए, गणतन्त्रवादी धार बनाए




शाहवंशका उत्तराधिकारीले आफ्नो राज्यसत्ता किन जोगाउन सकेनन् ? अर्थात् शाहवंशको राज्यसत्ता किन विघटनमा प¥यो ? शाहवंशको समापन अर्थात् गणतन्त्रको अभ्युदय किन हुनुप¥यो ? यी सवालको जवाफ इतिहासले आफ्नै किसिमबाट दिनेछ । तर जवाफको एक महत्वपूर्ण अध्याये हनुमाननगर जेलकाण्ड हो, जो २२ मइ १९४३ को मध्यरातमा भएको थियो ।

हनुमाननगर जेल काण्ड भन्नाले सप्तरीको तत्कालीन सदरमुकाम हनुमाननगरमा रहेको कारागार (गारद) मा २००० साल जेठ ९ गते राति १२ बजे आक्रमण, आगजनी गरी त्यहाँ बन्दी बनाइएका भारतीय स्वतन्त्रता संग्रामका सेनानी जयप्रकाश नारायण, डा. राममनोहर लोहियाको रिहाइको घटना र त्यस रिहाइपछि आन्दोलनकारीले भोग्नुपरेको राजद्रोहको मुद्दा हो ।

भारतको स्वतन्त्रता संग्राम अन्तिम समयमा पुगेको बखत नेपालमा पनि राणाशासनको खिलाफ आन्दोलन सुरु भइसकेको थियो । भारतको स्वतन्त्रता संग्रामको लक्ष्य जहाँ बेलायती उपनिवेशबाट मुक्ति प्राप्त गर्नुथियो, त्यहाँ नेपाली आन्दोलनको उद्देश्य राणालाई राज्यको कार्यकारी अधिकारबाट बेदखल गर्नु रहेको थियो ।

त्यतिबेलाको नेपाली आन्दोलनको लक्ष्य राजतन्त्रबाट मुक्ति भन्ने थिएन, तर त्यही हनुमाननगर जेल काण्डमाथि राज्यले लिएको प्रतिशोधात्मक रवैयाका कारण उत्पन्न भएको एक बीज हो, जसको नाम रामराजाप्रसाद सिंह थियो । त्यो बीज नै राजतन्त्र विनाशको कारण बन्यो र नेपाली गणतन्त्रको प्रणेता कहलायो ।

हनुमाननगर जेलकाण्डको घटनामाथि विभिन्न व्यक्तिले विभिन्न किसिमबाट लेखेका छन् । तर आज मैले यहाँ उनै गणतन्त्रका प्रणेता रामराजाप्रसाद सिंहले आफ्नो आत्मवृत्तान्तमा उल्लेख गरेको तथ्यको आधारमा यहाँ सारांश प्रस्तुत गरेको छु । भारतीय स्वतन्त्रता संग्रामका महान् योद्धा जयप्रकाश नारायण र डा. राममनोहर लोहिया समयसमयमा नेपालको सप्तरीमा पनि भूमिगत रहने गरेका थिए ।

सप्तरीको कोइलाडी गाउँ जमिनदारको गढ थियो । त्यस गाउँका सातजना राजपूत परिवारको नेपाल र भारतमा समेत जमिनदारी थियो । दर्पनारायण सिंह त्यस्तै दुईतिरैका जमिनदार थिए । रामराजाप्रसाद सिंह दर्पनारायण सिंहका नाति र जयमंगलप्रसाद सिंहको ज्येष्ठ पुत्र थिए । उनी ८÷९ वर्षको हुँदा हनुमाननगर काण्डमा पिता, काका, भाइसहित १६÷१७ महिना नेपालको राजधानी काठमाडौंस्थित सेन्ट्रल जेलमा बन्दी बनाइएका थिए ।

आत्मवृत्तान्तमा उनी भन्छन्, ‘एक दिन मैले घरको माथिल्लो तलामा बाहिरबाट आएका दुईजना मानिस बसेका र आदर–सत्कार भइराखेको देखेर बुबासँग सोधेँ यिनीहरू को हुन् ?’ बुवा जयमंगल प्रसादले जवाफ दिए कि उनीहरू जयप्रकाश नारायण र डा. राममनोहर लोहिया थिए । उनीहरू भूमिगत जीवन बिताउन नेपालमा आएका थिए । त्यसताक २०÷२५ दिन बसेर उनीहरू अन्यत्र गए र त्यसैको केही दिनपछि २००० साल जेठ ९ गते राति १२ बजे हनुमाननगर जेल काण्ड भयो ।

कोशी वारि हनुमाननगर, कोइलाडी गाउँ पर्दछन् भने कोशी पारि सुनसरी जिल्लाको कुशाहा गाउँ पर्दछ । त्यहाँ पनि जयमंगलप्रसाद सिंहको जमिनदारी थियो । त्यहाँ भारतीय स्वतन्त्रता संग्रामका योद्धालाई तालिम दिन आम्र्स ट्रेनिङ क्याम्प बनाइएको थियो ।

जयप्रकाश नारायण र डा. राममनोहर लोहिया कोइलाडीबाट निस्केपछि कुशाहा क्याम्प पुगिसकेका थिए । आम्र्स ट्रेनिङका दौरान फायरिङ हुन्थ्यो । नजिकै कोशी टप्पु (जंगल) थियो । सिकारीहरू १२ बोरका बन्दूक चलाउँथे । तर त्यहाँबाट थ्री नट थ्रीको आवाज आउँथ्यो । शंका लागेर सेना त्यहाँ पुगेको थियो ।

जयप्रकाश नारायण, डा. राममनोहर लोहियासहित केही योद्धा २० मइ १९४३ मा पक्राउमा परे । बन्दीलाई हनुमाननगर ल्याइयो । उनीहरू पक्राउ परेको खबर पाएपछि कोइलाडी गाउँमा बसेका स्वतन्त्रता सेनानी पनि गायब भए । जयमंगलप्रसाद सिंह र अन्य नेपाली आन्दोलनमा लागेका कांग्रेसी पनि भागे ।

त्यसबेला सप्तरीका सरकारी अड्डा हनुमाननगरबाट राजविराज सर्दै थिए । बडाहाकिमको कार्यालय राजविराज सरिसकेको थिएन, हनुमाननगरमै थियो । बडाहाकिम तुलाविक्रम राणा थिए । जयमंगलप्रसाद सिंहको बडाहाकिमसित निकटता थियो । जयमंगलप्रसाद सिंहले उनीहरूलाई छाडिदिन र उनीहरू भारततिरै गइहाल्ने भनेर अनुरोध गरेका थिए । उनीहरूको गिरफ्तारीबारे माथि जाहेर भइसकेकाले उनले मानेनन् ।

हनुमाननगर जेलकाण्डबारे जयमंगलप्रसादको संस्मरण भारतको धर्मयुग पत्रिकामा छापिएको आत्मवृत्तान्तमा उल्लेख छ । उनले पूर्वी कमान्डिङ जनरल बबरशमशेरसँग पनि कुरा गरे तर भारत सरकारलाई पनि सूचित भइसकेको र एक दुई दिनमै अंग्रेजी सेना आएर सुपुर्दगी हुने भएकाले कुनै सिप लागेन । जेलमाथि नै आक्रमण गरेर बन्दीलाई छुटाउने योजना बन्न थाल्यो ।

योजना अनुसार २००० साल जेठ ९ गते राति १२ बजे हनुमाननगर गारद (जेल) मा आक्रमण भयो । एकातिर आगजनी गरिदिँदा सिपाही तितरवितर भए । आक्रमणकारीका तर्फबाट गोली चल्यो, एक सिपाही ढले । सिपाहीले जेलमाथि आक्रमण भएको थाहा पाए । दुवैतर्फ गोली हानाहान हुन थाल्यो । तर आक्रमणकारी बन्दीलाई छुटाउन सफल भइहाले ।

भारतलाई सुपुर्दगी गरिने कैदी जेल तोडेर फरार भएपछि नेपाल सरकार निकै विचलित भयो । नेपालतर्फका आक्रमणकारीको खोजी गर्दै पक्राउ गर्न थालियो । जयमंगलप्रसाद सिंह भागिसकेका थिए । घरमा पाहुना आएका अनुरञ्जनप्रसाद सिंह (जयमंगलप्रसाद सिंहका भिनाजु) गिरफ्तार गरिए । अनुरञ्जनप्रसाद सिंह हाम्रा भिनाजु हु◌ुन भन्न गएका जयमंगलप्रसाद सिंहका भाइ रामेश्वरप्रसाद सिंह पनि पक्राउ परे ।

हनुमाननगर जेल काण्डबारे यस वृत्तान्तमा धेरै उल्लेख छैन । घटनाको विस्तृत विवरण ‘अगस्त क्रान्ति (विशेषांक, वर्ष–२, अंक ११–१२, अगस्त–सितम्बर–अक्तुबर, १९९२) बाट रामेश्वरप्रसाद सिंहको संस्मरणबाट साभार गरी मैले यसअघि नै लेखेको छु । यहाँ रामराजाप्रसाद सिंहको आत्मवृत्तान्तको आधारमा हनुमाननगर जेलकाण्डको सन्दर्भ जोडिएको छ ।

गिरफ्तारीक्रम बढ्दै गयो । हनुमाननगर जेलकाण्डमा कोइलाडीका धेरै मान्छे पोलिएका थिए । किनभने जयप्रकाश र डा. लोहियालाई जेलबाट छुटाउन भएको आक्रमणमा समूह नै संलग्न थियो । फरार रहेका व्यक्तिमाथि हाजिर हुन विभिन्न तवरले दबाब बढ्दै गयो । सप्तरीको बेल्ही (तिलाठी) गाउँका चार दाजुभाइ कानुनगो फनिलाल दास, भागवतलाल दास, जयनारायण लाल दास र मुसड्डीलाल दास पनि थिए । उनीहरूलाई तीन महिनापछि तारेखमा छाडिएको थियो ।

बालक रामराजाप्रसाद सिंहलाई पनि गिरफ्तार गरेर बयान लिने आशंकाले उनलाई मामाघर (भारत) पठाइदिए । रामाराजाप्रसाद सिंहको भनाइ अनुसार, जयमंगलप्रसाद सिंहलाई निकै यातना दिइयो । चापसमेत लगाइयो । तर उनले घटनामा आफू संलग्न नरहेको बताए । बन्दीलाई सप्तरीबाट अड्डासार गरी इन्डिया हुँदै काठमाडौं लगियो । त्यहाँ सेन्ट्रल जेलमा राखिएको थियो ।

रामराजाप्रसाद सिंह मामाघरबाट आफ्नो गाउँ कोइलाडी फर्के । माघ–फागुनतिर माहिला भाइ लक्ष्मणप्रसाद सिंहसहित बुबालाई भेट्न गए । उनीहरू त्यहीँ गिरफ्तार गरिए । दुवै दाजुभाइले १६ महिना बन्दी जीवन बिताए ।

आत्मवृत्तान्तमा रामराजाप्रसाद सिंहले १६ महिने जेल जीवनका अनेक घटनाबारे चर्चा गरेका छन् । जेलबाट राजनीतिक विषयवस्तुसम्बन्धी चिठी गोप्यरूपमा आदानप्रदान पनि हुन्थ्यो । एकचोटि जयप्रकाश नारायणले लेखेको एउटा चिठी आयो ।

उनले आफ्नो स्रोतबाट पठाएका थिए त्यो चिठी । यहाँ मलाई पनि बयान दिनुपरेको छ । त्यहाँ तपाईंले के बयान दिनुभएको छ, त्यो सबै हामीले यहाँ सूचना पाउँ तपाईंहरूले दिएको बयानसँग मिल्ने गरी म पनि यहाँ बयान दिन्छु । यसो गर्दा तपाईंहरूलाई राम्रो हुन्छ भनेर लेखेका थिए ।



बुबा जयमंगलप्रसाद सिंहले रामराजाप्रसाद सिंह (दाजुभाइ)लाई जेलमा पढाइ दिने पनि गरेका थिए । रामराजाप्रसाद सिंहको भनाइमा जयमंगलप्रसाद सिंह राम्रो पिता तर नराम्रो शिक्षक थिए किनभने उनले पढाउँदा तलमाथि पर्दा खुबै कुट्थे । उनीहरूलाई कुटाइ गर्दा काका रामेश्वरप्रसाद सिंहले बचाइदिन्थे । उनले जयमंगलप्रसाद सिंहलाई जेलमा परेको कुण्ठा छोराहरूमाथि नपार्न भन्थे ।

दोस्रो विश्वयुद्धमा जर्मनीको हार भयो । पूर्वमा युद्ध बाँकी नै थियो । त्यहाँ जापान लडिरहेको थियो । युद्ध समाप्तिको उपलक्ष्यमा नेपालमा पनि खुशियाली मनाइयो र त्यही खुशियालीमा रामराजाप्रसाद सिंह दुवै दाजुभाइसहित धेरै कैदीलाई राणा सरकारले छाड्यो । तर जयमंगलप्रसाद सिंहमाथिका मुद्दाको छिनोफानो भएको थिएन । बहादुर शमशेरले मुद्दा हेरिरहेका थिए । भारतमा जयप्रकाश नारायणले दिएको बयान मगाइएको थियो ।

उता भारतीय स्वतन्त्रता संग्राम पनि सफल भइसकेको थियो । भारत बेलायती उपनिवेशबाट मुक्त भइसकेको थियो । भारतीय स्वतन्त्रता संग्रामसँग सम्बन्धित दुनियाँको जुनसुकै देशमा जति पनि बन्दी थिए, सबैलाई छाड्ने भनिएको थियो । तर नेपालले मानेन । यिनीहरूको कुरा किन मान्ने भनेर तुजुक देखाउन होला राणाहरूले मुद्दाबाटै छिनोफानो गर्दिन्छु भनेर मुद्दा छिनेजस्तो गरेर जयमंगलप्रसाद सिंहसहित हनुमाननगर जेल काण्डका बाँकी जति सबै बन्दीलाई छाडिदिए ।

रामराजाप्रसाद सिंह बाल्यावस्थामा एकपटक टाइफाइडको सिकार भए । उपचारका लागि उनी भारत बिहारको दरभंगा गए । उनले त्यहाँ भारतीय स्वतन्त्रता संग्रामको एक अत्यन्तै मार्मिक तर सौर्यपूर्ण घटना आफ्नो आवासअगाडि नै देखे । घटनाले उनलाई राजनीति, देशप्रेम, क्रान्ति, परिवर्तन, संघर्ष, संग्राम, बलिदान, शहादतको एउटै किश्त र तश्तमा सम्पूर्ण पाठ पढाइदियो ।

उनी भन्छन्, ‘मानिसको शरीरबाट बगिरहेको आलो रगत त्यो उमेरमा मैले दरभंगामा देखें । आन्दोलनकारी उसलाई हेर्न आइरहेका थिए । घाइतेले पानी–पानी भन्न लाग्यो । मेरी आमा गएर पानी दिन खौज्दै हनुहुन्थ्यो, तर पानी दिन नपाउँदै शहीद हो गया, शहीद हो गया भन्दै मानिस कराउन लागे ।’

जमिनमा पोखिएको तिनको रगत हातले उठाएर निधारमा लगाउन र रगत लागेको माटो हातमा लिएर यताउति छर्कन लागे । उनलाई लाग्यो आन्दोलनमा बगेको रगत कति पवित्र हुँदोरहेछ ! उनले राजतन्त्र उन्मूलनका लागि जुन सशस्त्र क्रान्तिको सुरुआत विसं २०४२ मा गरे, क्रान्तिको त्यो सुरुआतपछिको पहिलो पर्चामा उनले लेखे कि क्रान्ति एउटा पर्व हो ।

त्यसमा बगेको रगत अमृतधारा हो, त्यसले मृत्यु होइन अमरत्व दिन्छ । दरभंगामा भएको त्यही घटनामा रगत बगाउने मानिस ‘अमर हो गया, अमर हो गया’ भन्ने नाराले उनको हृदयमा अमिट छाप पा¥यो । क्रान्तिमा जो मर्छन् ती अमर हुन्छन्, तिनले अमरत्व प्राप्त गर्छन् भन्ने बोध उनलाई भयो ।

पिता जयमंगलप्रसाद सिंह युवावस्थामै भारतीय स्वतन्त्रता संग्रामसँग जोडिएका थिए । जयमंगलप्रसाद सिंहले आफ्नो झन्झारपुर जमिनदारीमा क्रान्तिको बत्ती बालिसकेका थिए । त्यसै सेरोफेरोमा जयप्रकाशनारायण, डा. राममनोहर लोहियाको नेपाली प्रवासको थलो सप्तरीको कोइलाडी बन्न पुगेको थियो । हनुमाननगर जेल काण्ड र काठमाडौं सेन्ट्रल जेलमा रामराजाप्रसाद सिंहको बन्दी जीवन त्यसै घटनाको पछिल्लो कडी बन्यो, जसले रामराजाप्रसाद सिंहलाई एक दिन राजतन्त्रको विनाशकको रूपमा अवतरित गरायो ।

१६ महिने जेल यात्राबाट फर्केपछि रामराजाप्रसाद सिंह अध्ययनतर्फ लागे । पछि बनारसको बिए पढाइक्रममा उनले राजनीतिक विषयमा चाख लिन थालेका थिए । पिता जयमंगलप्रसाद सिंह भने नेपाल र भारतको उच्च तहसम्मको सम्पर्कमा पुगिसकेका थिए ।

भारतीय स्वाधीनतापछि रियासतको विलयको प्रभाव नेपालमाथि पनि परेको थियो । तर नेपालको प्रभुसत्ता जोगाउने विषयलाई लिएर उनी श्री ३ महाराज मोहन शमशेरको प्रतिनिधिका रूपमा भारतीय नेता गृहमन्त्री पटेल, प्रधानमन्त्री नेहरू समेतलाई भेटेका थिए । हुन त जयमंगलप्रसाद सिंह नेपालको राजतन्त्रसँग सहमत थिएनन् ।

नेपालको राजगद्दीमा महेन्द्र विराजमान भइसकेका थिए । त्यसैबेला कोशी योजना बन्ने भयो । राजा महेन्द्रलाई जयमंगलप्रसाद सिंहले कोशी योजनाको विषयमा एउटा ज्ञापन पनि दिएका थिए । राजा महेन्द्र ज्ञापनप्रति सकारात्मक देखिए । पछि उनलाई कोशी प्रोजेक्टको विशेष अधिकृत पनि नियुक्त गरियो ।

कोशी योजना त पूरा भयो तर ब्यारेज बनेको ठाउँलाई लिएर नेपाल–भारत सीमा विवादको किचलो सुरु भयो । जयमंगलप्रसाद सिंहको भनाइ अनुसार, कोशी ब्यारेज नेपाली भूमिमा बनेको थियो तर भारतीय अधिकारीका अनुसार भूमि भारतमा पर्दछ । नेपालका अधिकारी तथा राजासमेत ब्यारेज जहाँ बनेको भए पनि किचलो गरिरहने पक्षमा थिएनन् । तर उनले मानेनन् ।

अन्ततः बोर्डर कमिसन बन्यो र कमिसनले जयमंगलप्रसादको दाबीलाई नै सही ठहर ग¥यो । विवादपछि भारतले कोशी प्रोजेक्टका अधिकारीलाई अन्यत्र सरुवा गरिदियो । भारतीय अधिकारीले द्विपक्षीय सम्बन्ध सुमधुर बनाइराख्न नेपालतर्फका जयमंगलप्रसाद सिंहलाई पनि हटाउन चाहे ।

भारत पक्षकै कुरामा लागेर राजा महेन्द्रले जयमंगलप्रसाद सिंहलाई पनि हटाउन खोजे । जयमंगलप्रसाद सिंहले राजाको कुरा स्वीकार गर्दै आफैँ राजीनामा दिन तयार भए तर उनलाई राजीनामा दिने अवसर नदिइ राजाले हटाइदिए । त्यस घटनाले राजा महेन्द्र र जयमंगलप्रसाद सिंहबीच दूरी बढाउने काम ग¥यो ।

राजा त्रिभुवनको मृत्यु हुँदा रामराजाप्रसाद सिंह बनारस युनिभर्सिटीमा पढ्दै थिए । बनारसमै हुँदा रामराजा प्रसाद सिंहमा राजतन्त्रविरोधी भावना आउन थाल्यो । राजा महेन्द्रको राज्याभिषेक हुँदा उनले एक लेख प्रकाशित गर्न खोजे । तर राजतन्त्रविरोधी लेख भएकाले कसैले पनि प्रकाशित गर्न मानेनन् ।

बनारसमा बिए सकेर उनी दिल्ली युनिभर्सिटी गए । त्यतिबेला क्युबाली क्रान्ति चलिरहेको थियो । फिडेल क्यास्त्रो र चे ग्वेभाराको अगुवाईमा भएको त्यो क्रान्तिबाट उनी निकै प्रभावित भएका थिए । दिल्ली युनिभर्सिटीमा अन्तर्राष्ट्रिय गुरिल्ला क्रान्तिकारी क्लारासँग उनको भेट भयो ।

विसं. २०१८ तिर क्लाराकै सहयोगमा रामराजाप्रसाद सिंहले चे ग्वेभारालाई बर्माको एउटा टापुमा भेट्ने अवसर पाए । रामराजाप्रसाद सिंहको भावी क्रान्तिकारितामा चेसँगको त्यो भेटको प्रेरणादायी भूमिका रहेको देखिन्छ ।

रामराजाप्रसाद सिंहले दिल्ली युनिभर्सिटीबाट एमए र बिहार युनिभर्सिटीबाट कानुनको अध्ययन सकेर विसं. २०२१ मा काठमाडौं पुगे । सर्वोच्च अदालतबाट अधिवक्ताको लाइसेन्स लिएर वकालत सुरु गरे । तर उनले वकालत गर्न नभई वकालतको निहुँमा क्रान्तिको मनसुवा राखेका थिए ।

विसं. २०१७ मा राजा महेन्द्रले ‘कु’ गरेको भन्दै रामराजाप्रसाद सिंहले त्यसैलाई आधार बनाई क्रान्ति सुरु गर्न चाहन्थे । उनले नेपाली कांग्रेसका तत्कालीन सभापति सुवर्ण शमशेरलाई क्रान्तिको प्रस्ताव पनि राखे तर सुवर्णले अस्वीकार गरिदिए ।

राजा महेन्द्रले लागु गरेको पञ्चायती पद्धतिको संसद (राष्ट्रिय पञ्चायत) मा स्नातक क्षेत्रबाट चार जना निर्वाचित भएर जाने प्रावधान थियो । त्यस तहमा विसं. २०२४ मा पहिलोपटक स्नातक क्षेत्रका चार प्रतिनिधिका लागि निर्वाचन भयो । निर्वाचनमा रामराजाप्रसाद सिंहले पनि उम्मेदवारी दिए ।

त्यतिखेर उनी राजतन्त्रविरोधी भनेर चिनिसकिएका थिए । विसं. २०१८ साल माघ ९ गते राजा महेन्द्रको जनकपुर यात्राको क्रममा दुर्गानन्द झाले बम फाल्ने काम गरेको कसूरमा उनलाई विसं. २०२० साल माघ १५ गते फाँसी दिइँदा रामराजाप्रसाद सिंहले गरेको टिप्पणीबाट पनि राजा महेन्द्र चिढिएका थिए ।

निर्वाचनका दौरान उनले आफ्नो उम्मेदवारी किन भन्ने पर्चा वितरण गरे । बत्तीसपुतलीमा आयोजित एक सभामा भाषण पनि दिए । उनको पर्चा र भाषणको आधारमा राजाविरुद्ध द्वेष फैलाएको भन्दै उनको उम्मेदवारी रद्द गर्नुका साथै सुरक्षा कानुनअन्तर्गत गिरफ्तार पनि गरिए । निकै पछि उनी जमानतमा छुटे ।

*बाँकी पृष्ठ ग मा*

# साउनमा मधुश्रावणीको रौनकता: के छ विशेषता ?



ज्योति झा

कला र संस्कृतिको धनि मानिने मिथिलाञ्चल जहाँ वर्त, त्योहार र हरेक महिनाको आफ्नो अलग अलग विशेषता छ । पर्व त्योहारका मामिलामा हामी मिथिलाञ्चलबासी धेरै नै धनि र भाग्यशाली छौं । हुनत हरेक त्योहार आफ्नो ठाउँमा विशेष छन् तर मधुश्रावणी पर्वलाई मिथिलाञ्चलमा मुख्य पर्वको रुपमा मनाइन्छ । यो पर्व सिमित जातजातिका मानिसले मान्छन् । ब्राह्मण, कायस्थ, भुमिहार र देव जातिले मनाउने यो पर्व धुमधाम र हर्षोल्लासका साथ मनाइन्छ । एक महिने लामो मधुश्रावनी सबैभन्दा लामो पर्व बुझिन्छ । त्यहीँ भएर यो पर्व अरु पर्व भन्दा फरक र विशेष छ ।



हरेक वर्ष श्रावण कृष्ण पञ्चमी अर्थात् मौना पञ्चमीको दिनबाट सुरु भई १५ दिनसम्म चल्ने 'मधुश्रावणी' पर्व यस वर्ष मलमास (अधिक मास, पुरुषोत्तम महिना) ले गर्दा लगभग डेढ महिनासम्म लम्बिएको छ । मिथिलाञ्चलको लोकपर्व मधुश्रावणी यस वर्ष असार २२ गते शुक्रबारबाट सुरु भएको थियो ।

विवाहको पहिलो श्रावणमा मधुश्रावणी नवविवाहिताले पुज्छन । अहिले त जनकपुरधामसहित मिथिला क्षेत्रका गाउँ, नगर बस्तीमा मधुश्रावणी पर्वको रौनक बढेको देख्न सकिन्छ । पर्वमा रमेका नवविवाहिता महिलाहरुको समूह नै गीतमा लय बाँध्दै घर बाहिर निस्केपछि यस पर्वको रौनकता बढेको छ । यो व्रत श्रीमानको लामो आयूको लागि गरिन्छ ।

नवविवाहिताले यो पर्व माइती घरमै मनाउने चलन भए पनि पर्वको सारा सामग्री भने श्रीमानले पठाएका नै प्रयोग गर्ने परम्परा छन् ।

यसमा माटोको हाथी, सर्प, अहिबात पुरहर ९माटोको भाँडो० हुन्छ भने पञ्चमीको दीन माटोकै ५ वटा थुम्बा बनाइन्छ । र, गाईको गोबरको सर्प आकृति हरेक ढोकाको दुबैतर्फ बनाइन्छ ।

त्यति मात्र नभइ पानको पात, केराको पातमा पनि चावलको पिठो, गाजल, सिन्दुर, मेहदी र गोबरले सर्पको आकार बनाइन्छ । यसमा थोरै फूलले पुग्दैन धेरै फूल चाहिन्छ । बासी फूल , पात छारने गरिन्छ भने ताजा फूलले पुजा गर्नुको साथै छारिन्छ पनि ।

यो पर्वमा नवविवाहिता दुलहि जस्तै श्रृंगार गर्छिन् र बिहान बेलुका साथी सहेलीसँग रमाइलो ठट्टा गर्दै गितगाउँदै ब्रतालु महिलाहरु छरछिमेक, मठमन्दिर र फूलबारीबाट टिपेर ल्याएको फूलले भोलिपल्ट पूजा आराधना गर्ने परम्परा छ ।

हाम्रो पूर्वजहरूको भनाइ अनुसार सृष्टि आरम्भदेखि नै मिथिलामा यो पर्व मनाइँदै आइएको छ । र, यो पर्व मिथिलाका नवविवाहिताका लागी धेरै महत्त्वपूर्ण मानिन्छ । यसमा जतिदिनको पुजा हुन्छ जस्तै प्रायस् १४ पुजा १५ टेमी हुन्थ्यो । तर यसपालि मलमासले गर्दा साढे एक महिनाको पूजा हुन्छ । यसमा सधैं बेग्लै बेग्लै कथा सुनाइन्छ । यसले गृहस्थ आश्रममा आउने बाधा अड्चनबाट कसरी बच्ने र कसरी आफ्ना दाम्पत्य जीवनलाई सुखीपूर्वक निर्वाह गर्ने भन्नेबारे सिकाइन्छ ।

यो पर्वमा पूजा अवधिसम्म नुन मिसाइएको कुनै परिकार खानु हुँदैन । कतिले खान्छ भने पनि सिन्धा नमक को प्रयोग गर्छन् ।

यसमा सबै थोक व्रतालुको ससुरालीबाट आउँछ । जस्तैः पूजाको सामान, श्रृंगारको सामान, नवविवाहितले खाने अन्न आदि । यसमा रातो, पहेंलो, हरीयो साडी नवदुलहीको लागी आउँछ फूलटिपनको लागी बेग्लै र पूजाको लागी बेग्लै साडी हुन्छ । त्यस्तै चुरा, चोलो, पोते र आभूषणहरू हुन्छ र त्यही साडी, आभूषण र श्रृंगारको सामान नवदुलही लगाउँछन् । फुल टिपन जानेलाई स्थानिय भाषामा फूललोढी भनिन्छ । यो पूजामा गौरीको पुजा महत्त्वपूर्ण छ । गौरीको प्रतिमा बेसार र दुबोले बनाइन्छ र पानको पातमा राखिन्छ तथा माथिबाट पनि पानकै पातले छोपिन्छ । यो नवविवाहिताको ससुराली र माइत दुवैतर्फबाट प्रतिमा बनाइन्छ । गौरीलाई दाम्पत्य जीवनको संरक्षित र नागलाई नारीको पतिका रूपमा वंशलाई बढाउने प्रवृतिको जीव मानिएकाले यस पर्वमा गौरी तथा नाग नागिनको विशेष पुजा आराधना गर्ने गरेको पाइन्छ । यो पर्वमा व्रतालुले विनी अनिवार्य रुपमा सुन्नैपर्ने हुन्छ । र, यसमा मौना पञ्चमी कथा, विहुलाओ मनसाक कथा, पृथ्वीको जन्म,समुद्र मन्थन, सतीको कथा, पतिव्रताको कथा, महादेव परिवारको कथा, गंगाको कथा, गौरीको जन्म, कार्तिक जन्म, गणेश जन्म, बाल वसन्त जस्ता धेरै कथाहरू सुन्न पाइन्छ ।

अहिले त केटाकेटीको बढी उमेरमा विवाह हुन थाल्यो । तर पहिला कलिलो उमेरमा हुन्थ्यो । जहां केटाकेटी विवाह भनेको के हो, कसरी कर्तव्य निर्वाह गर्नुपर्छ, के के गर्नुपर्छ भन्ने कुरा देखि अज्ञान हुन्थ्यो । पहिला त कन्यादान गर्दा कन्या दुलहीको उमेर प्राय किशोर रहने एवम त्यस उमेरकी बालिका पारिवारिक र सामाजिक विधि व्यवस्थाका विषयमा जानकार नरहने हुनाले समाज वा परिवारकी प्रौढ महिलाद्वारा कथाको माध्यमले यस्ता गम्भीर र अत्यावश्यक कुराहरुबारे ज्ञान प्रदान गरिनु अत्यन्त महत्त्वपूर्ण मानिन्थ्यो । महिला वर्गको मात्र सहभागिता रहने भएकाले नवयौवना बालबालिकालाई जीवनोपयोगी शिक्षा उपयोगी तरिकाले दिइने गरिन्थ्यो । जसले उ मानसिक र शारिरिक रुपले समेत गृहस्थ जिवनयापनका लागि तयार हुन सकोस् ।

पर्वको अन्तिम विधि टेमि विधि हुन्छ । यसमा बेहुलीको आँखा छोपी घुँडा र खुट्टा डाम्ने गरिन्छ । तर त्यही बेहुली गर्भवती छन भने सितल टेमि दिइने चलन छ ।

तर अहिले नव परिवेश, नव युगमा केहि नयाँ विचारधाराको लागि यो विधि अव्यहारिक, अन्धविश्वासी, रुढीवादी परम्परा हो रे १ जबकि यो धार्मिक सांस्कृतिक मान्यताको प्रतिक हो । यो विधि गर्नु डाम्नुको आफ्नै अर्थ छ । यो विधि गर्दा हुने पीडा जतिकै दाम्पत्य जीवनमा पर्न सकिने दुःख, कष्ट, पीडा खेप्ने हुनुपर्छ भन्ने अर्थमा अर्थयाइएको पाइन्छ । कतिले त यसलाई महिला हिंसाको तथाकथित नाम पनि दिएका छन् ।

यसै सन्दर्भमा महोत्तरी पर्कौलीकि मिरा पाठक भन्छिन्, मलाई अचम्म लाग्छ जब भाषणमा आफुलाई सीताको उपमा दिने तर सीताको अर्थ सायद बुझेकै हुँदैनन् ती दिदीबहिनीहरुले जसले यो पर्व त्योहारलाई रुढीवादी भन्छिन् ।

प्रकृतिले पनि महिलालाई गर्भधारण गर्ने अधिकार दिएको छ । पुरुष बच्चा जन्माउन सक्दैनन् तर महिलाले जन्म र स्तनपान दुइटै गर्न सक्ने क्षमता राख्छिन् । र, जब एउटी महिला बच्चालाई जन्म दिन्छन् भने ७ तहबाट बच्चा बाहिर आउँछ ।

चाहे त्यो प्राकृतिक होस् वा कृतिम तरिकाले होस दर्द त्यतिकै हुन्छ । स्तनपान गराउँदा पनि बच्चाको दुधे दाँत आउँदा महिलालाई दर्द हुन्छ । खाना पकाउँदा पनि सिखारू होस् वा दक्ष जिवनमा एकपटक नै किन नहोस तर पोल्छ नै । मेरो त प्रायस् पोल्छ । पाठक भन्छिन स् हाम्रो पुर्खादेखि चलिआएको परम्परालाइ रुढीवादी भन्न एक सेकेण्ड पनि समय लगाउँदैनन् ।

जबकी यसमा अलिकति पोल्छ । हामी दिनहुँ यो भन्दा ठूलो पीडा भोग्छौं । चाहे त्यो शारीरिक होस् वा मानसिक । तर, अबका नवआगन्तुक पिढीहरुले परम्पराको नाम दिएर मनपरी परम्परा निर्माण गरिरहेका छन् । न त पश्चिमी सभ्यताका हुन्छन् न त हाम्रो मिथिला संस्कारकै पालना गरिरहेका छन् ।

# रामराजाप्रसाद सिंह.....................

विसं. २०२८ मा पुनः स्नातक क्षेत्रबाट राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन हुने भयो । यसपल्ट उनले सावधानीपूर्वक गिरफ्तारीबाट बच्दै चुनावमा उम्मेदवारी दिए र प्रचारप्रसार गर्न थाले । यसपटक अझ बढी जुझारु भाषण दिन थाले । यसपटक उनको पर्चा अझ धेरै कडा थियो । त्यो पर्चाको प्रति छपाएर पाँच सय रुपैयाँसम्ममा बिक्री हुन थाल्यो ।

प्रहरी रामराजाप्रसाद सिंहको पछि परेको थियो तर उनी पक्राउ पर्नबाट जोगिए । मतदानपछि उनी काठमाडौँमै भूमिगत बसे । निर्वाचनको परिणाम आयो– जसमा क्रमशः प्रयागराज सिंह सुवाल, रामराजाप्रसाद सिंह, कृष्णप्रसाद भण्डारी र डा. प्रकाशचन्द्र लोहनी निर्वाचित भए । तर रामराजाप्रसाद सिंहलाई शपथ लिन नदिन आदेश जारी भयो । उनलाई पक्रन र थुन्न प्रहरी लागिपरेको थियो तर सफल हुनसकेको थिएन ।

राष्ट्रिय पञ्चायतको बैठक सुरु हुने दिन सदनमा उनलाई पुग्न नदिन चप्पाचप्पामा सेना र प्रहरी तैनाथ थिए । तर नाटकीय रूपमा उनी राष्ट्रिय पञ्चायत हलमा प्रवेश गर्न सफल त भए तर उनको शपथ गराइएन । प्रहरीले उनलाई संसदभित्रबाटै पक्राउ गरेर लग्यो । अञ्चलाधीशले उनलाई अढाइ वर्षको जेल सजाय सुनाए ।

यस घटनाको तीव्र प्रतिक्रिया भयो, सरकारको आलोचना हुन थाल्यो । राष्ट्रिय पञ्चायतमा प्रश्न उठ्न थाल्यो । प्रधानमन्त्री कीर्तिनिधि विष्टले कुनै उपाय निकाल्न सकेनन् । राजा महेन्द्र आफैँ सक्रिय भए ।

उनले दुईपटक रामराजाप्रसाद सिंहलाई दरबारमा बोलाइ भेटे, प्रलोभन दिँदै, डरत्रास देखाउँदै उनलाई माफी माग्न हुकुम दिए तर रामराजाप्रसाद सिंह माफी माग्न राजी भएनन् । अन्ततः राजा महेन्द्रले आफैँले माफी दिएको घोषणा गर्दै राष्ट्रिय पञ्चायतलाई उनको शपथ ग्रहण गराउन आदेश दिए ।

यो घटनापछि रामराजाप्रसाद सिंह घोषितरूपमा गणतन्त्रवादी भए । उनले क्रान्तिको पहल गर्न थाले । उनीविरुद्ध पुनः अभियोग लगाइयो । उनी स्वदेशमा भूमिगत रहे । भारत निर्वासित पनि भए । विसं. २०३७ को जनमत संग्रह पनि भयो । उनी आए–गए । विसं. २०४२ को बमकाण्ड पनि भयो ।

उनलाई मृत्युदण्डको सजाय पनि तोकियो । उनको जायजेथा पनि खोसियो । विसं. २०४७ को राजासहितको बहुदलीय संविधान पनि आयो । तर उनी अडिग भएर राजतन्त्रको खिलाफ र गणतन्त्र स्थापनाका लागि संघर्षरत रहिरहे । स्वदेश वा निर्वासनमा जहाँ रहे पनि उनको संघर्षले भने गति लिइरह्यो ।

देश गणतन्त्रका लागि जनयुद्धमा पनि होमियो । विसं. २०४२ को बमकाण्ड सशस्त्र संघर्षको आधार बन्यो । राजपरिवारको अन्त्य भयो । राजा ज्ञानेन्द्र शासनमा आए । उनले पनि 'कू' गरे । विसं. २०६२÷६३ को आन्दोलन भयो र अन्ततः देश गणतन्त्रमा पुग्यो ।

रामराजाप्रसाद सिंहको आत्मवृत्तान्त ठूलो छ । गणतन्त्रका लागि उनले गरेको कामलाई यो सानो लेखमा समेट्न कठिन छ । तर उनको जीवनकालमै गणतन्त्रको स्थापना हुनुले उनलाई सन्तोष मिलेको थियो ।

रामराजाप्रसाद सिंह आज हामीबीच छैनन् । तर उनले यो देशलाई दिएको योगदानको जति नै प्रशंसा गरे पनि थोरै हुनेछ । उनले पृथ्वीनारायण शाहले स्थापना गरेको शाहवंशीय शासनलाई समाप्त पारे । यसका लागि उनले आफ्नो जीवन नै अर्पित गरिदिए । उनले, उनको परिवारले, उनको संगठनले र उनलाई सहयोग गर्ने सर्वसाधारण सबैले अनेकौँ दुःखकष्ट, प्रशासनिक कारबाही सामना गर्न र झेल्नु प¥यो, बलिदान दिनुप¥यो तर अन्ततः परिणाम चाहेबमोजिम प्राप्त भएपछि सबै दुःखकष्ट हराएर गयो ।

रामराजाप्रसाद सिंह जमिनदार परिवारमा जन्मिएका थिए । उनी आम जमिनदारसरह जीवनयापन गर्थे होलान् तर हनुमाननगर जेलकाण्ड एक त्यस्तो घटना हुन पुग्यो, जसमा परेर उनी, उनका पिता, काका, नातागोतासहित कैदीको जीवन व्यतीत गर्नुप¥यो । कदाचित त्यही हनुमाननगर घटना राजतन्त्रका लागि विषवृक्ष बन्यो ।

विसं. २०६५ जेठ १५ गते नेपाल गणतन्त्र घोषित भयो । विसं. २०६२÷६३ को जनआन्दोलनबाट पुनस्र्थापित प्रतिनिधिसभाले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई राष्ट्रप्रमुख नियुक्त गर्दै निर्वाचित संविधानसभाबाट गणतन्त्र नेपालको प्रथम राष्ट्रपति निर्वाचित गर्ने व्यवस्था ग¥यो । व्यवस्थाअनुसार विसं. २०६४ चैत २८ गते संविधानसभाको निर्वाचन भयो ।

संविधानसभाले २०६५ साउन ६ गते गणतन्त्र नेपालका प्रथम राष्ट्रपति निर्वाचित ग¥यो । निर्वाचनमा गणतन्त्रका प्रणेता रामराजाप्रसाद सिंह पनि उम्मेदवार भए । राष्ट्रले गणतन्त्रका प्रणेतालाई गणतन्त्र राष्ट्रका प्रथम राष्ट्रपति सौगातको रूपमा उनलाई दिनसक्थे । तर यो देश त्यति उदार हुन सकेन । अब पनि कमसेकम उनको शालिक बनाएर उनका लागि र गणतन्त्रका सन्ततिका लागि केही गर्ने अवसर यो देशसँग छ ।

# स्वर्णिम बालापन



● उदयकुमार यादव

हे बालापन,हे हमर ओ अबोधपन.... २
चित्रपुरक निवास,ओ लवकुश जौमनीवास,
हे कुसुम विछौना हमर स्वर्गक अभास,
प्राकृतिक हरियाली चिरैचुनमुना,
सुगामैना मुर्गाके कोईली सन सुरीला अवाज,
उंईख मकै मरुवा आ ढिडोके केतेक सवाद ॥

हे बालापन,हे हमर अबोधपनके याम
हे मातृ नैहल्ला हमर,सुन्दर मामा गाम,
धन्य हमर कजरा रमौल ओ मामा गाम,
मिलल जाहिठाम स्वगक आनन्द अनमोल
भेरा भेरी गायवाछी,हरियरवन धौनषाक अनमोल ॥

बालापनके मातृत्व,चित्रपुरक व्यक्तित्व
धन्य ओ हमर बालापनके निर्दोष चरित्र
जन्म जन्मके दास भयजैताी हे प्रभु जखैन दिती हमरा,
औरहीथानं केदली पोखरीया,चौलिखाके बालापनके चरित्र ॥

ह्कन मार्रैया हे विद्याता, जखन याद अबैय हमर
सतरंगी,चम्की छिमरा,ललका ओ अमरिसे मोतीकेखर,
हरियर लाली केर्वा ओ गुलमोहर फुलसंगहि,
बरहरीके रारीसिरुवा ओ उजरी फुलकीफुल,
सिसो सिम्मर आम लताम,परोर टमाटरके लत्ती हर तरकारीके फर,
जन्मजन्म धैर रहत अविस्मर्णीय,अमृतेदाईके शिवालय ईनार हमर ॥

धन्य हे वालापनके,हमर पाविन मातृत्व
हमर नानानानी गामक पवित्र चरित्र,
जन्म जन्मके सपुत वनि ऐती हे माता
जहन पविती हम अंहिक ओ मातृत्व ॥

सिरहाक निश्छल पवित्र प्रेम ओ जवानी
सोहनी सिनुरजोडाके प्रा.वि.के वाणी,
महन्थीबाबु पोखैर धारीके ओ भवकाकल,
गुजराती भैंसी हमरबाबाके गोली गाय,
अपन राजदेवी सोनासत्ती आ लक्ष्मीनीयां माय
धन्य हे प्रभु जे हमरा देली एतेक पवित्र आ महान माय ।।

## नेपाली अनुवाद

हेमेरो बालापन हे त्यो अबोधपन,
चित्रपर निवास मेरो त्यो जौमनीवास,
हे कुसुम विछौना हाम्रो स्वर्गकै अभास,
प्राकृतिक हरियाली चराचुरुंगी,
सुगामैना कुखुराको कोईलीकै सुरीला अवाज,
ऊंखु मकै कोदो बालीनाली ढिढोकति स्वाद ?

हे बालापन मेरो त्यो अबोधपनको याम,
हे मातृ मामागाम मेरोकति सुखमय ? सुन्दरथियो गाम,
धन्य मेरो कजरा रमौल सुन्दर मामागाम,
मिल्यो जहां स्वर्गको आनन्द अनमोल,
भेराभेरी गाईवाछी हरियावन धनुषाको कति अनमोल ?
भक्कानो फुट्दछ,हेविद्याता,याद आउंछ,,बरहरीका सीरुवा फुल
सतरंगी त्यो अमरिसे बोटविरुवाको चम्किलो फुल,
रातोराते चम्किलो ती मोतीका खर,हरियो रातो केर्वकेदलीका फुल
सिसो,सिम्मर आम लताम,परोर गोलभेडा हरेक लत्ती तरकारीका फर,
जन्मजन्म अब,याद रहिरहन्छ,अमृतृदाईको शिवालय ईनारकै रहर ॥

बालापनको मातृत्व मेरो चित्रपुरको व्यक्तित्व,
धन्य त्यो मेरो बालापनको निर्दाष चरित्र,
जन्म जन्मके दास हुन्थें हे प्रेभु,जब पाउंथे ,
केदली पोखरीया औरही चोलिखाकै बालापन चरित ॥

धन्य त्यो मेरो बालापनको पावन पवित्र मातृत्व,
मामा गामको नानानानीका महान चरित,
जन्म जन्मकै सपुत बनि आउंथे हेमाता,
जब पाउंथे हजुरकै त्यो महान पावन मातृत्व ॥

सिरहा हंदाको त्यो निश्छलप्रेम अनि मस्त जवानी,
सोहनी सिनुरजोडाको प्रथमिक विद्यालयको वाणी,
महन्थीबाबु पोखरी धारीको त्यो भवका कल,
गुजराती भैंसी मेरो हजुरबाको खैरो गाई,
आफनी राजदेवी सोनासत्ती अनि लक्ष्मीनीयां माई,
धन्यछु म जसलाई मिल्यो यति महान पवित्र माई ।।

# दिल में अरमान हो देश के वास्ते



● डा. रामकरण साहु 'सुजल'

*दिल में अरमान हों देश के वास्ते ,*
*मान सम्मान सब देश के वास्ते,*
*धर्म मज़हब से हट राष्ट्र हित सोच में,*
*प्राण भी हँस लुटा देश के वास्ते ।*

*प्रेम हर उर जगा देश के वास्ते,*
*सत्य सबको सुना देश के वास्ते,*
*अवनि अम्बर खड़ा तेरे दीदार को,*
*उठ गले से लगा देश के वास्ते ।*

*कर्म भी धर्म भी देश के वास्ते,*
*सिन्धु का मर्म भी देश के वास्ते,*
*नीर की बूँद घन से चली जो बिहँस,*
*खुद मचलने लगी देश के वास्ते ।*

*मुस्कुरा देश के गीत गाते रहो,*
*मुश्किलों में बिहँस पग बढ़ाते रहो,*
*राष्ट्र हित भाव उर में सदा ही रहें,*
*देश पर आज तन(मन लुटाते रहो ।*

*झड़ रही फुलझड़ी आज बरसात में,*
*चाँदनी गुम हुई सावनी रात में,*
*सो गए सब सितारे पिया वारुणी,*
*आज हम खो गए सब इसी बात में ।*

*हँस रहा मोर दादुर बिगुल फूँकता,*
*बाग़ भी कोकिला संग खुद कूँकता,*
*रो पपीहा रहा सूखता अब हलक,*
*बूँद स्वाती मिले वह यही पूँछता ।*

oooo

# रूपान्तरण राजतन्त्र से



● मेहीलाल यादव

*रूपान्तरण राज तन्त्र से*
*कुलीन तन्त्र से अल्प (धनी) तन्त्र से*
*तक्निकी तन्त्र तक*
*नहि अभि तक लोक तन्त्र या गण तन्त्र*

१
*कार्यालय खोला हो मन्त्री, नयाँ नयाँ कार्यालय खोला हो ।*
*कार्यकर्ता पोसा हो नेता, बेटा, बेटी, बहु, कुटुम्ब पोसा हो ।*
*तटबन्ध घेरा हो मन्त्री, काँच बालु, माटी से तटबन्ध घेरा हो ।*
*नहर जियाबा हो नेता, पानी न आबेवाला नहर जियावा हो ।*

२
*सौन्दर्यीकरण करावा हो मेयर, पोखरी मोहाड ढलान कराके,*
*खेल मैदान मे मलवा गिराके, उभड खाभड कुरूप बनाके,*
*बीच बीच मे खतवा खनाके, ओइमे फोहोर जम्मा कराके,*
*नयाँ नमूना सौन्दर्यीकरण, क्लीन ग्रीन सिटी नारा लगावा हो ।*

३
*गाछी रोपा हो अनुचारी, गाछी रोपा हो, स्मृत, जयन्ती, जन्म,*
*दिवस पर गाछी रोपा हो, रोप के फेर कभि न पिछे देखा हो ।*
*रेखदेख, संरक्षण न करावा, पानी न पटावा, गाछी सुखावा हो ।*
*साल साल उहे किस्सा, उहे कहानी फेर पाँच साल देहरावा हो ।*

वैभव मधेशदृष्टि
२०८० साल साउन २७ गते शनिबार
Saturday 12, August 2023

कथा

# हे ईश्वर ! मलाई पुरुष किन बनायौ ?



गणेशप्रसाद लाठ

**ससुराबा त दिनमा एकपटक अवश्य भन्थे, "ज्वाइँ, सुभद्रा आफ्नो फिगरलाई लिएर चाहिएको भन्दा बढी नै सजग छे । दुईचार वर्ष अझै बच्चा नजन्माउने भनेर क्रिया खाएर बसेकी छे । तर तिमीले अलि प्रयास गर्यौं भने यो घरमा एक नातिनीको प्रवेश हुनेछ । यो घरको खुसीयाली तिम्रै हातमा छ, ज्वाइँ ।"**

नवविवाहित दुलहाको रुपमा पत्नी गृहमा बसाइसर्दा सुरूका केही दिनसम्म सुवोधको मन फिटिक्कै लागेको थिएन । जतातिर देख्यो, नौलो ठाँउ र अपरिचित आँखा । "केटा मान्छेको असल घर भनेको उसको ससुराली नै हुन्छ ।" बाआमाले बाल्यकालदेखि नै सम्झाउँदै आएका थिए । तर, खै, "दिल हैं कि मानता नहीं ।" हुन पनि हो, आफ्नो जन्मथलो सदा सर्वदाको लागि त्यागेर कसलाई आर्काको घरमा बसाई सर्न मन लाग्छ ? "केटा मान्छेले नै यस्तो नियती किन भोग्नु पर्छ," उसले कम्ती विद्रोह गरेको थिएन, तर कुनै फुर्तिफार्ती काम लागेन । उसलाई आफ्नो पितृगृह सदा सर्वदाको लागि त्यागेर ससुराली आउनै पर्यो । सुरु सुरुमा त सुबोधले निकै मान पायो । "के खान्छौ, ज्वाइँ ? बजारबाट केही ल्याइदिनु पर्नेछ भने नलजाइ भन्नु ल । ज्वाइँ, तिमीलाई भान्सा कोठाभित्र पस्नु पर्दैन, म छदैँछु नि ।" ससुराबा घरिघरि भनिराख्थे । विस्तारै उनको ब्यवहार फेरिँदै गयो । ऊ दिनकादिन ससुराबाको क्रुर ब्यवहारको शिकार हुन थाल्यो ।

सदैवझैँ सुबोध आज पनि दुखीमनका साथ आफ्नो कोठामा फर्किएको थियो । आज पनि ससुराबाले उसलाई होच्याउनसम्म होच्याएका थिए । सिरानीको अडेस लिएर ओछ्यानमा बस्न पाएको थिएन, एकाएक उसको फोन गुनगुनाउन थाल्यो । उसको पिताघरबाट पिताजी, निरन्जनमानले गरेका रहेछन् । सुबोधको ठुस्स अनुहार अलि उज्येलियो । एक उनी त हुन्, जो सच्चा मार्गदर्शक मात्र होइनन्, असल मित्रको भूमिका पनि निर्वाह गर्दै आएका छन् । सुबोध आफ्नो गोप्यभन्दा गोप्य कुरो पनि आफ्ना पिताजीसित लुकाउँदैन । श्रीमान् श्रीमतीबीचको अन्तरङ्ग सम्बन्धमा समेत उनीसित कुरो गर्न लाज मान्दैन । सही अर्थमा उनी सुबोधका सच्चा सखा हुन् ।

"के छ छोरा ? ठीक त छौ नि ? बुहारी साहिबा पनि ठीक त हुनु हुन्छिन् नि ? ससुराबुबासित कुनै कचकच त पर्या छैन नि, अनि नातिनातिनीहरू कता छन् ?", उसले हेलो बा भन्न पाएको थिएन, उसका पिताजीले दर्जनजति प्रश्न ठोकिहाले । उनको पुरानो बानी हो, बोल्न थालेपछि अरूको कुरो सुन्दैनन्, नअघाउन्जेलसम्म बोलिराख्छन् । नमांगे पनि अर्ति उपदेश ठोक्न थाल्छन् । उसले एक एक गरी उनको प्रत्येक प्रश्नको जवाफ फर्कायो । अन्तिममा उसले रून्चे स्वरमा दुखेसो पोख्यो, "बा ! तिमीले मलाई अझै पढ्न किन दिएनौ ? मलाई कम्तिमा मास्टर्स् त सक्याउन दिए हुन्थ्यो नि । मेरो बिहे यस्तो रूढीवादी परिवारमा किन गराइदियौ ? यो घरमा मेरोभन्दा इज्जत त काम गर्न आउने नोकर, जङ्गबहादुरकै छ, बा । अनि किन नहुनु ? ऊ कम्तिमा आफ्नो गोडामा त उभ्या छ । म त पराश्रित जीवजस्तै भएको छु । मेरो हैसियत एक दासभन्दा अलिकति पनि बढी छैन, बुबा ।", ऊ भक्कानो छोडेर रून थाल्यो ।

"धत् ! कस्तो लाटोजस्तो कुरो गरेको ? यो त परापूर्वकालदेखि चल्दै आएको समाजिक रीत नै हो । केटा मान्छेले एक न एक दिन आफ्नो माइत त्यागेर ससुराली जानै पर्छ । तिम्रा ससुराबाकै उदाहरण लेउ । समयको फरक त हो, कुनै बेला उनी पनि तिमी जस्तै नवविवाहित दुलहा भएर तिम्री सासुमा पछि पछि तिम्रो ससुराली घरमा आएका थिए । आज हेर, उनकै राजपाट छ कि छैन ? अनि मलाई हेर । म पनि आफ्ना बाआमाको दुलरूवा सन्तान नै थिएँ । तर, दुलरूवा भएर के गर्नू ? बिहे भएर ससुराली आउनु पर्यो कि परेन ? मलाई पनि सुरूसुरूमा कम्ति अप्ठेरो भएको थिएन नि ! मध्यरात्रीमा कतै भागिहालुँ भनेर मेरो मनमा कम्ति विद्रोही विचार उठेको हुँदैनथ्यो । तर मैले धैर्य राखेँ । आज हेर, सबैथोक ठीक ठाँउमा छ । तिमी पनि धैर्य राख, छोरा । बिस्तार बिस्तार, त्यो घरमा तिम्रो आधिपत्य जम्दै जाने छ । एक दिन हेर्नु, तिम्रो ससुरालीमा समेत तिम्रै आदेशानुसार सबैथोक चल्ने हो । बुहारी त तिम्रा औँलाको इशारामा हिँड्ने छिन् । धैर्य राख, छोरा । धैर्य राख ।", बाबुले आफ्नो अतीत सुनाउन थाले ।

पिताजी होउन् अथवा ससुराबा, उनीहरूको यही कुरो सुबोधलाई यही नराम्रो लाग्छ । कुरो गर्दागर्दै आफ्नो अतीत पुराणको वाचनमा लाग्छन् । "भो भो बुबा, तपाईँको अर्तीको डोज आजलाई भरपूर भयो । मलाई थुप्रै काम सक्याउनु छ," मुर्मुरिँदै उसले फोन काट्यो । आजको जमानामा केटा मान्छे पनि केटी मान्छेको काँधमा काँध मिलाएर अगाडि बढ्न चाहन्छन् भन्ने दुनिया समाजले के को अप्ठेरो ? आखिर केटा मान्छेलाई पनि एउटै ईश्वरले बनाएका होइनन् ? केटा मान्छेमा कमी भनेपछि के नै छ र ?" यावत कुराहरmबारे चर्चा गर्दा उनीहरm रिसाएर बम हुन्छन्, मानौं कुनै अपराधिक कुरो गर्न खोजिएको होस् । यो जमानामा केटा मान्छेको असल सत्रु केटा मान्छे नै छन् । अन्यथा कम्तीमा बाले समर्थन जनाउथे होलान् ।

उसको मानसपटलमा पुराना कुराहरू सल्बलाउन थाले । ऊ भर्खर कलेज जान सुरू गरेको थियो । मास्टर्स्को प्रथम वर्षमा पढ्दै गरेकी सुभद्राले उसलाई मन पराएकी रहिछन् । दिनकादिन उसलाई भेट्न थालिइन् । दिनकादिन सँगै बसेर चियाकफीको निमित्त निम्तो दिन थालिइन् । उसलाई सुभद्रा राम्री लाग्थिइन् । बिस्तारबिस्तार मित्रता गहिरिँदै जाँदा उसलाई आफूसँगै फिलिम हेराउन समेत लैजान थालिइन् । बेलबखत गिफ्ट दिइ राख्थिइन् । "वेलेनटाइन डे" को दिन त एउटा दुइटा गुलाफ होइन, दुई दर्जन नै गुलाफ लिएर आउथिइन् । हुँदाहुँदै ऊ सुभद्राको ब्वायफ्रेण्डको रूपमा कुन बेला परिवर्तित भयो, उसलाई हेक्का भएन । बेलाबखत ऊ सुभद्रासँगै सुत्न समेत थाल्यो । उनको लिभिङ्ग पार्टनर भएर । एक कान, दुई कान हुँदै उनीहरूका बाआमाले उनीहरूको अन्तरङ्गताबारे चाल पाए । उनीहरूले दुनियाँ, समाज र मानमर्यादाको दुहाई दिँदै सुभद्रा र सुबोधलाई बिहे गरिहाल्न कचकच गर्न थाले । उम्किने कुनै सिप नलागेपछि दुबै जना वैवाहिक बन्धनमा बाँधिने निर्णयमा पुगे ।

धुमधामसँगै विवाह भयो । केटी पक्षबाट झण्डै दुई सय जन्त उसको माइत पुगेका थिए । तैपनिउसका बाआमाले स्वागत सत्कारमा कुनै कसर बाँकी राखेनन् । दाइजोमा बाक्लै सरसमान दिए । आफू जन्मेहुर्केको थातथलो, आफ्ना माइतलाई सदाको लागि त्याग्ने बेला आउँदा ऊ कम्ति रोएको थिएन । उसका बा त झनै अंगालो मारेर धुरूधुरू रोए । उतिबेला सासुआमाले सम्झाउँदै भनेको कुरो उसलाई आजसम्म कण्ठस्थ छ, "किन चिन्ता लिनु हुन्छ सम्धीज्यू, सुबोध तपाईँको मात्र होइन्, हाम्रो पनि छोरो नै हो । सुबोध आफ्नो ससुरालीमा ज्वाइँको रूपमा होइन, साखै छोरोको रूपमा रहने छ । तपाईँहरू सबै जना ढुक्क भए हुन्छ ।"



ससुरालीमा सुरूका केही दिन सुबोधले निकै मान पायो । "के खान्छौ, ज्वाइँ ? बजारबाट केही ल्याइदिनु पर्नेछ भने नलजाइभन्नु ल । ज्वाइँ, तिमीलाई भान्सा कोठाभित्र पस्नु पर्दैन, म छदैँछु नि ।" ससुराबा घरिघरि भनिराख्थे ।

सासुआमाले कम्ति माया गरेकी थिइनन् । बजारबाट दिनहुँ कुनै न कुनै समान उसको निमित्त किनेर ल्याउँथिइन् । पानीपुरीदेखि दाढी खौरिने मेशिनसम्म । ससुराबा त दिनमा एकपटक अवश्य भन्थे, "ज्वाइँ, सुभद्रा आफ्नो फिगरलाई लिएर चाहिएको भन्दा बढी नै सजग छे । दुईचार वर्ष अझै बच्चा नजन्माउने भनेर क्रिया खाएर बसेकी छे । तर तिमीले अलि प्रयास गर्यौं भने यो घरमा एक नातिनीको प्रवेश हुनेछ । यो घरको खसीयाली तिम्रै हातमा छ, ज्वाइँ ।"

आफ्ना ससुराबा र सासुआमाले भनेजस्तै उसले सुभद्रालाई फकायो । वर्ष दिन बित्न नपाउँदै सुभद्रा गर्भवती भइन् । उनीहरूको पहिलो सन्तानको रूपमा छोरो नै भएको थियो ।

ससुराबाले चिताएका थिए, छोरी । तर भइदियो छोरो । उनी निकै दिनसम्म दुःख मनाउ गरिराखे । "ज्वाइँ, तिमीले चाहेको भए छोरी नै हुन्थी, तिमीले नै ढङ्ग पुर्याएनौ ।" उनले ठाडो आरोपसम्म लगाए । सुभद्रापनि के कम, छोरो जन्मेको एक महिनासम्म अफिस जान नपाउँदा उनले पनि सुबोधलाई कम्ति सरापेकी थिइनन् । पछि एक महिने छोरोलाई उसैको जिम्मो लगाएर उनी अफिस जान थालिन् । अरू सबै कुरो गर्न त सुबोध जेनतेन भ्याउथ्यो । तर सुभद्राको ठाँउमा आफूले दुध खुवाउनु पर्दा उसलाई हम्मै परेको थियो । बाध्य भएर उसले अनलाइन सापिङ्गमार्फत् कृत्रिम स्तन खरिद गरेको थियो । इ्वाट्ट हेर्दा सतप्रतिशत ओरिजनल । सो रबरको स्तनभित्र दूध, पानी अथवा जुनसुकै तरल पदार्थ भरेर ब्राजस्तै छातीमा लगाउन मिल्ने । अनि बच्चाले जति चुस्दा पनि हुने । स्तन कृत्रिम हो कि प्राकृतिक, बच्चा चाल नै नपाउने ।

एउटो कुरो बारे उसले पिताजीसम्मलाई अझैसम्म सुईको लाग्न दिएको छैन । यता एक वर्षदेखि सुभद्राले विक्रम नाम भएको आफ्नो एक जना सहकर्मीलाई ब्वायफ्रेण्ड नै बनाएर राखेकी छन् । उनी राती अबेलासम्म विक्रमसँगै हुन्छिन् । नशामा लठ्ठ भएर मध्यरात्रीमा मात्र फर्किन्छिन् । अफिसको कामले आफूलाई सहरबाहिर जानुपर्दा विक्रमलाई नै सँगै लिएर जान्छिन् । सुबोधले यो कुरो थाहा पाउँदा सुभद्राअगाडि कडा रूपमा आपत्ति जाहेर नगरेको पनि होइन । तर सुभद्राको एउटा जवाफ हुन्छ, "तिमीलाई खान पुग्या छ, लाउन पुग्या छ । तिम्रो हरेक आवश्यक्ताको पूर्ति मैले गरेकै छु । यो घरको चार किल्लाबाहिर म के के गर्छु, तिमीलाई केको टाउको दुखाइ ।"

उसले सुभद्राबारे आफ्नो ससुराबा अगाडि यो कुरो राख्दा, उनले पनि चिन्ता गरिहाल्नु नै पर्ने खासै केही नभएको जस्तो भाव प्रकट गरे । उसैलाई सम्झाउन थाले, "जमाना यस्तै छ, ज्वाइँ । क्यार्नु ? तिम्री श्रीमती घरबाहिर के के गर्छे, तिमीले धेरै टाउको नदुखाएकै बेस । धेरै कडीकडाउ गर्न मिल्दैन । अन्यथा ऊ झनझनै काबुबाहिर जाने छे । तिमीसित सन्तुष्ट नभएरै होला, सुभद्राले ब्वायफ्रेण्ड राखेकी । ऊ जुन अफिसमा काम गर्छे, त्यहा एकसे एक सुन्दर पुरूष सहकर्मीहरू काम गर्छन् । उसको मन कसैतिर ढल्कियो होला । बरू आफूभित्र के के कमी कमजोरीहरू छन्, त्यतातिर ध्यानु दिनु, उसलाई सक्दो बढिसे बढी खुसी पार्ने काम गर्नु । आफ्नो यौवनबाट उसलाई रिझाउनमा कुनै कसर बाँकि नराख्नु । उसको ब्वायफ्रेण्डले तिम्रो यो घरको चार किल्लाभित्र गोडा टेक्न नपाओस् भनेर हेक्का राख्नु ।"

ससुराबाको तर्क सुनेर उसको अवस्था त छाङ्गबाट खसेजस्तो भएको थियो । आफू जन्मे हुर्केको ठाँउ सदाको लागि त्याग्दै ससुराली नै आफ्नो घर मान्नु कम्ति कष्टकर कुरो होइन नि । आफ्ना आधा अपूरा सम्पूर्ण रहरहरूलाई बलात् मारेर सासु ससुरा, श्रीमती र बालबच्चाको निमित्त होमिनु चानचुने त्याग होइन नि । आफूले त्यत्रो त्याग गर्दागर्दै आफ्नी श्रीमती अर्कै पुरूषका साथ लहसिन्छिन् भने ससुराबा अर्ति दिनु हुन्छ, "सहेर बस ज्वाइँ ।" अरू कसैले उसको पीडा नबुझोस् कम्तिमा उसका ससुराबाले यो पीडा बुझ्नु पर्ने हो । आखिर उनी पनि पुरूष नै हुन् । यावत कुरा गमेर ऊ निकै दिनसम्म रोइरह्यो । अन्तमा ऊ नै थाक्यो । यसैलाई नियती मानेर आफूलाई सम्झायो ।

त्यो दिनपछि सुभद्रालाई रिझाउन उसले एकसे एक जुक्ति लगाउन थाल्यो । सुभद्रा कोठाभित्र छिरेपछि उसलाई दुधको ठाँउमा ब्लैकलेबल खुवाउन थाल्यो । राती ओछ्यानमा ढल्किँदा आफू जति थाकेको भएपनि सुभद्राको मनोकाञ्छा पुरा गर्नमा कहिल्यै नखडा देखाएन । कहिलेकाँही त सुभद्रालाई राती दुई पटकसम्म खुशि पारिदिनु पर्ने । तर जतिगर्दा पनि सुभद्राको चालचलन जसको तस नै रह्यो । उसको मनमा विद्रोही भाव कहिल्यै प्रवल नभएको पनि होइन । तर ब्याधान भएका थिए उसका छोराछोरी । "छोराछोरीलाई सँगै लिएर हिड्न खोज्यो भने एक्लैले लालन पालन कसरी गर्ने ? आमालाई खोजे भनेर कसरी सम्झाउने ? आफ्नै ससुराली घर छोडेर हिडियो भने सुभद्रालाई त के छ ? उनले त हातोहात आफ्नो ब्वायफ्रेण्ड विक्रमलाई दुल्हो बनाएर घरमा भित्र्याइ हाल्ने छिन् । आफ्ना रक्त अंशलाई सौताहा पिताको भरोसामा कसरी छोड्नु ? मेरा सन्तानका साथ उसले सत्रुजस्तै ब्यवहार गर्यो भने के होला ?" यावत चिन्तामा ऊ मन घुमिरहन्छ ।

बाआमालाई यावत कुराबारे सुइँको लाग्न नदिनु पछाडि पनि उसको बाध्यता त छ । बा त मुटुका रोगी नै हुन् । केही महिना अगाडि मात्र उनको बाइपास सर्जरी भएको थियो । आमा चुरोटकी अम्मली, दमकी रोगी भएकी छिन् । "आफ्नो प्राणभन्दा प्यारो छोरोको दुःखद् अवस्थाबारे थाहा पाए भने के होला ? उनीहरूले यो कष्टको भार थेग्न सक्लान कि नसक्लान ?" भनेर पनि उसले आफ्ना माइतका मान्छेलाई जनाउ दिने हिम्मत गरेको छैन ।

यावत कुरा सोच्दासोच्दै उसको मन नराम्ररी निमोठियो । आँखाबाट आँसु बरर झर्न थाले । भित्ते घडीले टुईटुई घन्टी बजाएर बिहानीको एग्यारह बजेको जनाउ दिइहाल्यो । सबैजना आ–आफनो काममा गइसकेका थिए । घरमा ऊ र ससुराबुबा बाहेक कोही थिएनन् । ससुराबुबा आफ्नो कोठामा पसेका थिए क्यारे । घरको सरसफाइ गर्ने कामदार, जङ्गबहादुर अझै आइपुगेको थिएन । काइदाले उसलाई नौ बजेसम्म पुगिहाल्नु पर्ने । सुबोध उसकै प्रतिक्षामा ब्यग्ररत थियो ।

ऊ आइ दिएको भए सजिलो हुने थियो, अन्यथा सरसफाइको काम पनि उसैको थाप्लोमा जाने भयो । अचेल जङ्गबहादुर चाहिनेभन्दा बढि छुट्टि बस्न थालेको छ । उसलाई घोक्रेठयाक्क लगाउ कि भनेर कहिलेकाँही झोंक चलेर आउछ । तर तुरन्तै ससुराबुबा कराइ हाल्छन्, " यस्तो मुख्र्याइँ कहिल्ये नगर्नु ज्वाइँ ! अचेल सबै कामदारको यस्तै चालामाला छ, एउटा सर्पनाथलाई हटाउँछौ, आर्को अजिङ्गनाथ भएर आउछ । बरू दुख सहेर पनि यसैबाट काम चलाऊ । जबरजस्ती गरेर धपाउँछौ भने तिम्ले नै र्को मान्छे खोज्नु पर्ला । म त सक्दिनँ ।" यस्तो धमकीपूर्ण वचन सुने पछि ऊ मौन हुन्छ ।

हुन पनि हो, अर्को मान्छे फेला पार्नु पनि सितेमिते कुरो होइन । छुट्टि बस्नुबाहेक जङ्गबहादुरमा अन्य कुनै दुर्गण फेला पार्न सकेको छैन । तै पनि जङ्गबहादुरप्रति ऊ सशंकित नै रहन्छ ।

सुबोध आफ्ना ससुराबाबारे सोच्नथाल्यो । ससुराबुबालाई पनि कति दोष दिनु । उनीपनि आफ्नो जवानीमा कम्ति हण्ठर खाएका होइनन् । उनका ससुराबुबा त साक्षात यमदुत नै थिए । उनलाई आफ्नो ज्वाइँ, अर्थात ससुराबाले थकाई मार्न एक सेकेण्डको निमित्त बसेको पनि नसुहाउने । दिनरात कचकच सहन्थे, तर कहिल्यै हजुर ससुराबुबासित मुखामुख गरेनन् । उनले आफ्नो जीवनमा जो देखे भोगे त्यही आफ्नो ज्वाइँसित समेत अपेक्षा गर्ने हुन् । बेला बखत उनले मौका पाए कि सुनाइहाल्छन्, "परमात्मा प्रति कृतज्ञता प्रकट गर, तिम्ले मजस्तो ससुराबुबा पाएको छौ । अन्यथा मेरो जमानाका ससुराबुबा पाएको भए अहिलेसम्म बहुलाइसकेको हुन्थ्यौ ।"

ऊ यो घरको ज्वाइँ भएर भित्रिँदा हजुर ससुराबुबा जिउँदै थिए । अस्सी नाघिसकेका, हिँलडुल गर्न पनि गार्हो हुने । तर बोली वचनमा जवानीकै कडकपन थियो । एकपल्ट कडकिएर कुनै उर्दी जारी गरिदिएपछि कोही माइकालाल उनको कुरो काट्न आँट गर्दैनथ्यो । ससुराबुबा त भिजेको मुसो जस्तै काम्न थाल्थे । सोच्दासोच्दै उसको मनमा ससुराबुबाप्रति करूणा भाव जागेर आयो । एक त उनी उमेर र शरीर, दुबैले थाकिसकेका छन् । धेरै मिहिनेतको काम उनी गर्न सक्दैनन् । अन्यथा कुनै बेला यिनै ससुराबुबा एक्लैले घरायसी कामको सम्पूर्ण मोर्चा सम्हालेका हुन्थे । आज पनि उनले भ्याइनभ्याइ कुनै नकुनै काममा झुम्मिएकै हुन्छन् । सासुमालाई बजार, क्लब र जड्याहाहरmको सङ्गतबाट फुर्सद भए पो ।

मुल ढोकाको घन्टी बज्दा उसको ध्यान मोडियो । "पक्का जङ्गबहादुर नै होला" बरबराउँदै गर्दै ऊ ढोकातिर उफ्रियो । हो, जङ्गबहादुर नै थियो । सुगठित शरीर । एक दम सफा सुग्घर लुगामा सुसज्जित, फ्रेञ्चकट दाढीले गर्दा मुहार झनै खुलेको । उसलाई हेर्ने बित्तिक्कै सुबोधभित्र अनौठो इष्र्या जाग्यो ।

आफ्नो इष्र्या भावलाई लुकाउँदै ऊ गनगन गर्न थाल्यो, "कहा थियौ यति बेलासम्म ? यति ढिलो गरेर आउछेस् लाज लाग्दैन ?"

खितिक्क हाँस्दै ऊ अपार्टमेण्टभित्र पस्यो ।

"मैम अफिस गइसक्नु भएजस्तो छ ।" जङ्गबहादुरले टाउको कन्याउँदै जान्न खोज्यो । ढिलो भएकोमा उसको अनुहारमा पछुतोको भाव थियो ।

"अचेल त जङ्गबहादुर आवश्यक्ताभन्दा बढी संवाङ्ग बनाएर आउन थालेको छ । मुलाले सुभद्राको ध्यान आफूतिर तान्न एकसे एक प्रपञ्च रच्न थालेको छ । पर्खी उसलाई लाताले हानेर घरबाट निकालिन भने मेरो नाम पनि सुबोध होइन् ।", सुबोधले मनमनै प्रण गर्यो ।

"चाँडै चाँडै झाडुसाडुको काम सक्याउनु, धुने लुगाको चाङ्ग लागेको छ, धोएर सुकाउन लगाइहाल्नु । लगत्तै भाँडाकुँडा पनि मस्काउनु । हिजो तिमीले मस्काएर राखेको भाडामा फोहोर भेटिएको थियो । आज होस् गरेर मस्काउनु । त्यसपछि मात्र अन्य काम गर्नु, बुझिस् ।", सुबोध अलि कडै स्वरमा बिलम्बित कामहरूको फेरिस्त सुनाउन थाल्यो ।

हल्लीखल्ली सुनेर होला सुबोधका ससुराबा हडबडाउँदै कोठाबाहिर आए । सुबोधलाई एकातिर तान्दै मसिनो स्वरमा हप्काए, "छ्या, साहैं कचकचे हुँदै गएछ्यौ । बिचरोसित कहिल्यै राम्रो मुखले कुरो गर्दैनौ । उसले जति मिहिनेत गरे पनि कहिल्यै स्याबासी दिएनौ । कुनै दिन ऊ आजित भएर अन्यत्र कतै हिँड्यो भने हेर्नु आफ्नो बाबुको बिहे ।"

उनको कुरो सुनेर सुबोध झनै मुर्मुरियो, "जङ्गबहादुर यति राम्रो लाग्छ भने उसैले ज्वाइँ बनाएर घरमा भित्र्याए भइहाल्थ्यो नि । छ्या, यो घरमा म भन्दा बढी इज्जत त नोकरकै छ ।" मनमनै फत्फताउँदै ऊ ड्राइंग रूमको सोफामा थचक्क बस्यो । पराजित मानसिकताका साथ । एक छिन पनि बितेको थिएन, ससुराबाको उर्दी कोठाको ढोका हुँदै कानमा पस्यो, "ज्वाइ, अतिथिहरm आएका छन्, पाँच कप चिया, अनि केही खानेकुरा लिएर बैठक कक्षमा आउनु है ।" हुन्छ, बुवा हजुर भन्दै ऊ जुरmक्क उठ्यो । हतार हतार आँखा सफा गर्यो । दुबै हात जोरेर आकाशतिर हेर्दै बरबरायो, "हे ईश्वर ! मलाई पुरूष किन बनायौ ?"

(लाठ अनुराधा भवन, छमिया, अघटित र क्षमादानका लेखक हुन् ।)

वैभव संयोजकः सुरेश यादव

# मधेशमा रहेको स्वास्थ्यसम्बन्धी समस्याबारे मुख्यमन्त्रीलाई ध्यानाकर्षण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा स्वास्थ्य सम्बन्धी समस्या तथा उपचारबारेमा नेपाली कांग्रेस मधेश प्रदेशका स्वास्थय विभागले मुख्यमन्त्री सरोज कुमार यादवलाई ध्यानाकर्षणपत्र बुझाएका छन् ।

शुक्रबार मुख्यमन्त्री यादवलाई बुझाइएको ध्यानाकषर्णपत्रमा मधेशमा आमजनतालाई स्वास्थ्योपचार गराउन निकै कठिनाई देखिएको उल्लेख गरिएको छ भने सर्वेक्षण, २०७५ ले श्रमिकको मासिक औसत आम्दानी १७ हजार आठ सय उल्लेख गरेको छ । यति रकम कमाउने वर्गलाई क्यान्सर, मिर्गौला, मुटु, फोक्सो, मस्तिष्क जस्ता अङ्गमा रोग लाग्यो भने उपचार गराउने कुरा नै कल्पना बाहिर हुन्छ ध्यानाकर्षण पत्रमा भनिएको छ ।

विशेष गरी मधेश प्रदेशमा मजुदरी गरेर आफ्नो जिवीका पार्जन गरीरहेका सर्व साधारण नागरिकहरूले कडा प्रकृतिका रोगका लागि उपचार गर्न अत्यन्तै कठिनाई भईरहेको अवस्थामा मधेश प्रदेशले यस्ता प्रकारको रोगको उपचारका लागि संघीय तथा अन्य प्रदेश सरकारले व्यवस्था गरे भन्दा थप आर्थिक सुविधा उपलब्ध गराइ सहज उपचार गराउनु कानूनी व्यवस्था मिलाउनका लागि नेपाली काग्रेस मधेश प्रदेश मुख्यमन्त्रीसंग माग गरिएको छ ।

त्यस्तै सरकारले मिर्गौला सहित क्यान्सर, अल्जाइमर्स लगायत आठ वटा कडा रोग भएका नागरिक ,जनआन्दोलनका घाइते, शहीद परिवारलाई उपचारमा सहुलियत दिने गरेता पनि प्रशासनिक झन्झट का कारण सबै बिरामीले सरकारी सहुलियत सहज रुपमा पाएका छैन । नागरिकहरूले भोग्दै आएको कठिनाईलाई मध्यनजर गरी उपचार सम्बन्धी विशेष सहुलियतको कानूनी व्यवस्था कायम गरी सोको यथासिघ्र कार्यान्वयन गराउन समेत मुख्यमन्त्री सक्षम माग गरिएको छ ।

अहिले मधेश प्रदेशमा गर्मी तथा बर्षायामको समयमा डेंगु तथा आँखा पाक्ने रोगबाट विशेष गरी तराई क्षेत्रका बासिन्दाहरू बढी मात्रामा प्रभावित भइरहेको अवस्था छ । यस्ता प्रकारका अल्पकालिन रूपमा देखा पर्ने विभिन्न प्रकारका सरूवा रोगहरूको नियन्त्रणका लागि समेत सरकारले ठोस कदम चाल्नु पर्ने नीतिगत माग गरिएको छ । यसका लागि समयमा स्वास्लागीलागी शिविरको आयोजना गर्ने, जनेचतनामूलक कार्यक्रमहरु संचालन गर्ने र मधेश प्रदेशका जिल्लाहरूलाई लक्षित गरी सुविधा सम्पन्न स्त्री तथा प्रसुती अस्पतालको स्थापना गरिनु पर्ने, तराइमा हुने दुर्घटनालाई प्राथमिकतामा राख्दै सुविधा सम्पन्न ट्रमा सेन्टरको स्थापना हुनु पर्ने तथा सर्वदंशबाट पिडित नागरिकहरूका लागि भेन्टीलेटर सहितको सर्पदंश अस्पतालको स्थापना गर्न सकिएको अवस्थामा मधेश प्रदेशले परिकल्पना गरेको स्वास्थ्य सेवा विस्तारका योजनालाई उचित न्याय हुने ध्यानाकर्षण पत्रमा विश्वास गरिएको छ ।

कांग्रेस मधेश प्रदेश स्वास्थ्य विभागकी प्रमुख शर्मिला थापाको नेतृत्वमा मन्त्रालय पुगेको टोलीले मधेश प्रदेशका मुख्यमन्त्री यादवलाई ध्यानाकषर्णपत्र बुझाएका थिए ।

# खानेपानी समस्या निवारणका लागि मेयर साहले गुहारे मन्त्रालय



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा रहेको खानेपानी समस्याको निवारणका लागि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह संघीय खानेपानी मन्त्रालय पुगेका छन् ।बिहिबारनै मन्त्रालय पुगेर मन्त्रालयका सचिव रामआधार साहलाई भेट गरेर जनकपुरधाममा रहेको खानेपानीको समस्याको विषयमा जानकारि गराएका छन् ।

जनकपुरधाममा दुइलाख जनसंख्या रहेपनि तर जनसंख्या अनुसार पानीको भुमीनार नरहेको जानकारि गराउदै मेयर साहले वैशाखदेखि अधिकांश हैण्डपम्पबाट पानी निस्कन बन्द भएको भन्दै चारवटा भुई टावर निमार्ण र खानेपानीको सप्लाई नियमीत गर्नुपर्ने माग गरेका छन् । नगरमा रहेको ढल निकासको समस्याको विषयमा जानकारि गराउदै मेयर साहले मन्त्रालयसंग २० किलोमिटर ढल निर्माणनिर्माणका लागि अनुरोध गर्नुका साथै चुरेबाट जनकपुरधाममा खानेपानी को व्यवस्था गर्न पहल गर्न पनि आग्रह गरेका छन् ।यता मन्त्रालयका सचिव साहले आफनो तवरबाट सकारात्मक पहल गर्ने आश्वासन दिएको जानकारि प्राप्त भएको छ ।

# मानव अधिकारको रक्षाका लागि हृदयलाई साक्षी राख्नुपर्छः सभामुख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले मानव अधिकारको रक्षाका लागि मस्तिष्क र हृदयलाई साक्षी राखेर काम गर्नुपर्ने आवश्यकतामा जोड दिएका छन् ।

सभामुख मण्डलले राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेशको कार्यालयले शुक्रबार जनकपुरधाममा आयोजना गरेको प्रदेश स्तरीय “मानव अधिकारको विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस र पाँचौँ राष्ट्रिय कार्ययोजना” सम्बन्धि छलफल कार्यक्रममा संविधानमा उल्लेखित मौलिक हकहरूको कार्यान्वयन गर्नका लागि तीनै तहका सरकार मिलेर काम गर्न आवश्यक भएको बताए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले कहिलेकाहीँ मानव अधिकारको रक्षा गर्ने क्रममा कसैको अधिकारको हनन हुने गरेकामा दुःख व्यक्त गर्दै त्यसलाई प्रशासनको बाध्यताको रुपमा लिइदिन आग्रह गरे । सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले वर्तमान संविधानमा रहेका मौलिक हक राज्यको क्षमताले भ्याएसम्म कार्यान्वयन गर्दै गएको बताए ।

राष्ट्रिय मानव अधिकार आयोगका मधेश प्रदेशका प्रमुख मञ्जु खतिवडाले मानव अधिकारको रक्षाको विषयमा कर्पोरेट सेन्टरहरू पनि मानव अधिकारप्रति संवेदनशील हुन आवश्यक भएको बताए ।

# सङ्घमा अझै आएन अन्तरप्रदेश सवारी साधनको बाटो इजाजत अनुमति

*‘सङ्घले नै अनुमति दिने भनेर तोकिएपछि सतप्रतिशत यहाँ आउनुपर्ने हो, तर अहिले पनि ३० देखि ४० प्रतिशत मात्रै आउने गरेका छन् ।’*



**रासस**
**काठमाडौँ ।**
अन्तर प्रदेशमा चल्ने सार्वजनिक सवारी साधनको बाटो इजाजतपत्रको अनुमति सङ्घले दिनुपर्ने भए पनि यो काम प्रदेश सरकारअन्तर्गतका कार्यालयले गरिरहेका छन् ।

संविधान कार्यान्वयनमा आएको आठ वर्ष बित्न लाग्दा समेत त्यसको व्यवस्थाअनुसार अन्तर प्रदेशमा चल्ने सवारी साधनको अनुमति दिने काम पूर्णरुपमा केन्द्रमा आउन नसकेको हो ।

बाटोको अनुमति पहिलेदेखि नै यातायात व्यवस्था कार्यालयले दिँदै आएकाले अहिले पनि दिइरहेको र व्यवसायी पनि सेवा लिन जाने गरेको सवारी जाँच केन्द्रका प्रमुख मणिराम भुसालले बताए । उनका अनुसार यातायात व्यवस्था विभागले अहिले सवारी साधन जाँच केन्द्रबाट बाटो इजाजतपत्रको अनुमति लिने व्यवस्था मिलाएको छ । उनले भने, ‘अझै आधाभन्दा बढी प्रदेशबाटै लिने गरेको पाइन्छ ।’

काठमाडौँ उपत्यकाबाट पूर्वमेचीबाट पश्चिम महाकालीसम्म जाने गाडिको ‘रुट’ सङ्घीय सरकारले दिनुपर्ने भए पनि अझै धेरै सवारी साधनलाई प्रदेशले अनुमति दिइरहेको यातायात व्यवस्था विभागले जनाएको छ ।

यातायात व्यवस्था विभागले पटकपटक निर्माण व्यवसायीलाई समेत बैठक बोलाएर र सार्वजनिक सूचनामार्फत सङ्घबाटै अनुमति लिन भनेको छ ।

खासगरी सङ्घीय सरकारले एउटा प्रदेशबाट अर्को प्रदेशसम्म (अन्तर प्रदेश) चल्ने सवारी सधानको रुट अनुमति दिने व्यवस्था रहेको पाइन्छ । यातायात कार्यालयले गर्दै आएको काम नछाडेको र व्यवसायी पनि सेवा लिन गएको उनले बताए ।

प्रदेशले पनि आफैँ गर्न चाहेकाले केन्द्रलाई नदिएको प्रमुख भुसालले बताउनुभयो । प्रदेश सरकारको राजस्वको मुख्य स्रोत यातायात हो । त्यसैले पनि प्रदेश सरकारले सबै सवारी साधनको राजस्व प्रदेश सरकारले उठाउन पाउनुपर्ने भन्दै आएका छन् ।

अन्तर प्रदेशमा चल्ने सवारी साधन पनि प्रदेशले नै उठाएर अघि बढौँ भन्ने कुरा आएको उनले बताए । सङ्घीय सरकारले एकातिर अनुसूचीमा छुट्याएको जिम्मेवारी भएको र अन्तर प्रदेशमा एकभन्दा बढी प्रदेश हुँदा कसले गर्ने भन्ने हुने भएकाले आफैँले गर्नुपर्ने बताएको छ ।

अझै पनि कतिपय कुरामा सङ्घ र प्रदेशको यो काम यो निकायले गर्ने भनी स्पष्ट नछुटिएकाले कसले गर्ने भनी समय समयमा अन्यौलता हुने उनले बताए । अहिले पनि रुट अनुमति लिन आउने ट्रक, बसलाई अनुमति दिने गरिएको केन्द्रले जनाएको छ । टेकुस्थित कार्यालय मात्रै नभएर देशभरका अरु कार्यालयमा पनि आउने सेवाग्राहीलाई सेवा दिइएको उनले बताए । उनले भने, ‘सङ्घले नै अनुमति दिने भनेर तोकिएपछि सतप्रतिशत यहाँ आउनुपर्ने हो, तर अहिले पनि ३० देखि ४० प्रतिशत मात्रै आउने गरेका छन् ।’

अहिलेसम्म सबै प्रदेशमा केन्द्रको कार्यालय नभएकाले पनि सेवाग्राही प्रदेशअन्तर्गतका कार्यालयबाट सेवा लिएको हुनसक्ने उनले बताए । अहिलेसम्म कोशी, बागमती, लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा केन्द्रको कार्यालय भए पनि अरु तीन प्रदेशमा छैनन् । आफूहरुले कार्यालय भएका ठाउँमा केन्द्रबाट नै रुट लिने गरिएको निर्माण व्यवसायीले बताउँदै आएका छन् ।

केन्द्रको कार्यालय नहुँदासम्म यहाँसम्म गर्नु भनेर सङ्घीय सरकार आफैँले तोकिएको प्रमुख भुसालले बताए । एउटै स्थानीय तहभित्र चल्ने सवारी साधनको व्यवस्थापन स्थानीय तहले, अन्तर स्थानीय तहको प्रदेश सरकारले र अन्तर प्रदेश (लामा दूरी) का सवारी साधनको व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारको रहेको छ ।

# विषयगत जानकारी अभावमा महिला सांसद कम बोल्छन्



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशकी महिला सांसदहरु विषयगत जानकारि अभाव भएकै कारण संसदमा कम बोल्ने गरेको एक कार्यक्रममा स्विकार गरेकी छन् ।

युनडिपीको सहयोगमा सिआइसी धनुषाले आयोजना गरेको मधेश प्रदेश सभाका महिला र सीमान्तकृत सांसदहरुलाई क्षमता अभिवृद्धि सहयोग परियोजना अन्तर्गत समूह मार्गदर्शन कार्यक्रममा बोल्दै प्रदेश सांसदहरुले सांसद वैठकमा जानु पूर्व कस्ले कुन विषयमा कसरी बोल्ने त्यस विषयमा छलफल हुनुको आवश्यकता रहेको वताए ।कार्यक्रममा प्रदेश सांसद ममता मण्डलले संसदको बैठकमा विधेयकहरु सम्बन्धमा मोवाइलमा म्यासेज आउँदा सबै सांसद बुझने नगरेकाले कठिनाइ भइरहेको वताइन । उनले कागजमा प्रिन्ट गरेर सबै जानकारी दिन माँग गरेकी छन् । आधुनिक प्रविधिसँग अहिले पनि धेरै सांसद टाढा रहेको धेरै सांसदले स्वीकार गरे ।

प्रदेश सांसद शारदा दास पहाडीले सांसदहरुलाई प्रयाप्त प्रशिक्षणको आवश्यकता रहेकाले त्यसका लागि प्रदेश सभाले वतावरण वनाइ दिन आग्रह गरेकी छन् । अर्का सांसद रमिता प्रधानले पढेलेखेकाहरुले मात्रै सबै थोक गरिदियो भने यो क्षेत्रको समस्या समाधान हुन नसक्ने वताउँदै गरीव धनि महिला पुरुष सबै मिलेर कार्य गर्नुपर्नेको आवश्यकता रहेको वताइन् ।

समारोहमा पूर्व सांसद सुन्दर विश्वकर्माले सांसदहरुले अध्ययनशील हुनुपर्छ वताउँदै मात्रै बैठक बस्न होइन जनताको प्रतिनिधिको रुपमा कार्य गर्नु पर्ने उल्लेख गरे ।

यसको लागि सम्बन्धि पार्टीका संसदीय दल सचेतकहरुले कार्य गर्नुपर्छ उनको सुझाव थियो । सांसदहरुको संसदमा काम कर्तव्य के हो बारे जानकारी गराएका थिए । उनले हामी सांसदले विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउन सक्ने, पार्टीबाट अवसर नपाएपनि शून्य समयमा जनताको आवश्यकताका कुरा बारे आवाज उठाउन सक्ने, विधेयकमा असहमति जनाउन सक्ने लगायतका कुरा गर्न सक्ने बताएका थिए ।

पूर्व सांसद जगतप्रसाद यादवले जनताको समस्या राख्न कसैसँग डराउनु पर्दैनन् सभ्य र अनुसाशित भएर राख्न सल्लाह दिए । उनले हामी आफ्नो लागि होइन जनताले सहजबाट जीवन व्यक्ति गर्न पाउन र उनीहरुको हकहित तथा संरक्षणका लागि बाटो कोरिदिने प्रतिनिधिको रुपमा कानून निर्माणका लागिका निर्वाचित भएकाले आ आफ्नो जिम्मेवारी वहन गरेमा राजनीतिमा दिर्घकालिन रुपमा टिक्न सक्छौं नत्र त्यसपछि जनताले अवसर नदिने पर्याप्त उदाहरण रहेको बताएका थिए ।

# नक्कली शैक्षिक प्रमाणपत्र प्रकरणमा थप दुईजना पक्राउ




**रासस**
**काठमाडौँ ।**
नक्कली शैक्षिक योग्यता प्रमाणपत्र बनाएर चिकित्सक बनेको आरोपमा थप दुई जना पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा मोरङका मनित चौधरी र काठमाडौँस्थित इशान अस्पतालमा कार्यरत श्रद्धा शिल्पकार रहेका केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)का प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

उनका अनुसार चौधरीलाई आज बिहान मोरङबाट र शिल्पकारलाई गए राति काठमाडौँबाट पक्राउ गरिएको हो । नक्कली शैक्षिक प्रमाणपत्र बनाउनेविरुद्ध ब्यूरोले अपरेसन थालेको छ । बिहीबार पनि ब्यूरोले पाँच जनालाई पक्राउ गरेको थियो ।

वैदेशिक रोजगारीका लागि विदेश पठाइदिने भन्दै रकम ठगी गरी सम्पर्कविहीन भएका तीनजनालाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले पक्राउ गरिसार्वजनिक गरेको छ ।पक्राउ पर्नेमा धादिङको थाक्रे गाउँपालिका–४ घर भई हाल काठमाडौँ महानगरपालिका–१४ कलङ्की बस्ने ४५ वर्षीय सालिकराम अर्याल, सुनसरीको रामधुनी नगरपालिका–३ घर भई हाल काठमाडौँ–३२ बस्ने ४० वर्षीय सन्दीपकुमार चौधरी तथा गोरखाको गण्डकी गाउँपालिका–६ घर भई हाल काठमाडौँ–१५ बस्ने ५० वर्षीया एकमाया पुलामी मगर रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

पक्राउ परेका अर्यालले सरोज गिरीबाट वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाइदिने भन्दै रु ५० हजार, चौधरीले रुपक बुढाथोकीबाट फ्रान्स पठाइदिने भन्दै दुई लाख ५५ हजार तथा पुलामी मगरले जङ्ग गुरुङबाट पोर्चुगल पठाइदिने भन्दै दुई लाख ५६ हजार रकम लिई सम्पर्कविहीन भएको उजुरी परेको थियो । उनीहरूलाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरिएको हो । पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

# जनकपुरधाममा एम्स स्थापनाका लागि इजाजत पत्र



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनकपुरधाममा एम्स स्थापनाको लागि इजाजतपत्र प्रदान गरेको छ । इण्डो –नेपाल डाक्टर्स फोरमको लागतारको प्रयासमा जनकपुरधाममा एम्स स्थापनाका लागि शुक्रबार मन्त्रालयले इजाजतपत्र प्रदान गरेको हो ।

यसभन्दा पहिले फोरमले भारतका मन्त्री, सांसद र भारतीय चिकित्सक संघका पूर्व अध्यक्षलगायत धेरै प्रतिष्ठित व्यक्तित्वसँग भेट गरेर यसको पहलका लागि अनुरोध गरेका थिए । भेटघाटमा सबैले खुशी व्यक्त गरेको र यसका लागि प्रधानमन्त्री, स्वास्थ्यमन्त्रीलाई भेट्ने आश्वासन पनि दिएको फोरमका एक प्रतिनिधीले मधेशदृष्टिलाई बताए ।

यता फोरमका कार्यकारी अध्यक्ष डा पिके ठाकुर र सचिव रामदेव चौधरील मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, प्रदेश प्रमुख हरिशङ्कर मिश्र र सामाजिक विकास मन्त्री वीरेन्द्र कुमार सिंहसंग भेट गरेर जनकपुरधाममा एम्स स्थापनाका लागि पहलको विषयमा कुराकानी गरेपछि उत्ताबाट निमार्णमा हरसम्भव सहयोग गर्ने आश्वासन आएको जानकारि प्राप्त भएको छ ।

शुक्रबार मधेस प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका शाखा प्रमुख डा मुक्तिनारायण साहले जनकपुरधाममा एम्स स्थापनाका लागि इण्डो–नेपाल डाक्टर फोरमका कार्यकारी अध्यक्ष डा पीके ठाकुरलाई सिफारिस पत्र हस्तान्तरण गरेका छन् । मधेस प्रदेशका जनतालाई विशिष्टीकृत सेवा दिन जनकपुरधाममा एम्सको आवश्यकता रहेको सिफारिस पत्रमा उल्लेख छ ।

# डुबानमुक्त बनाउन जमुनी नदीको बाँध फुटाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको आदर्श कोतवाल गाउँपालिकाको च्युटाहामा खेतमा बाढी पसेर धानबाली क्षति पुर्याउन थालेपछि मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको निर्देशनमा प्राविधिकहरुले सिँचाइको लागि जमुनी नदीमा निर्माण गरिएको पक्की बाँध फुटाएर गाउँलाई डुवानबाट मुक्त गराएका छन् । तिन दिन अघि परेको अविरल वर्षापछि जमुनी खोलमा आएको बाढी सिँचाइ बाँधको कारण खेत र बस्तीतर्फ प्रवेश गर्न थालेपछि बाँधको केहि भाग भत्काइएको रेडियो वीरगंजसँग कुरा गर्दै मुख्यमन्त्री यादवले बताए ।
कुलोको लागि निर्माण गरिएको बाँध जमुनी नदीको धार परिवर्तन भएपछि च्युटाहा, बतरा, खजुरिया, भङ्गहा, ईनर्वा, बोहा लगायता गाउँहरुमा सयौँ बिघामा लागाइएको धान र अन्यबाली डुबानमा परेको र त्यसलाई जोगाउन आफ्नै निर्देशनमा प्राविधिक खटाएर बाधको सानो भाग फुटाएर पानीको बहाव खोलामा फर्काईएको मुख्यमन्त्री यादवले बताए । स्थानीय किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउन भनेर मधेश प्रदेशका मुख्यमन्त्री यादवको पहलमा एक साताअघि मात्रै जमुनी नदिमा बाँधेर कुलो निर्माण गरिएको थियो ।
मुख्यमन्त्रीका प्रेस सल्लाहकार सिताराम अग्रहरीद्वारा शुक्रबार जारी प्रेस विज्ञप्तीमा खडेरी पर्दा आम जनतालाई सिँचाई सुविधा उपलब्ध गराउन जमुनि खोलामा मुख्यमन्त्रीको पहलमा बाँध निर्माण गरिएको र पछि पानी बढी भएर खेत डुवान हुने अवस्था सृजना भएपछि मुख्यमन्त्रीकै पहलमा बाँध काटने काम भएको उल्लेख गर्दै जनताले बाँध भत्काएको नभई प्राविधिकले नै पानी निकासका लागि बाँध काटेको कुरा उल्लेख गरिएको छ ।

# निजी विद्यालयको आन्दोलन फिर्ता




**मधेशदृष्टि**
**वीरगंज ।**
सरकार र आन्दोलनरत निजी विद्यालय सञ्चालकहरुबीच सहमति भएसँगै निजी विद्यालयद्वारा घोषित आन्दोलन फिर्ता भएको छ ।
शुक्रबार सरकारसँग भएको छलफलमा सञ्चालकहरुले राखेको माग सम्बोधन हुने प्रतिवद्धता भएपछि आन्दोलन स्थगन गरेको प्याब्सनका अध्यक्ष डीके ढुंगानाले बताए ।
शिक्षा ऐन २०२८ लाई प्रतिस्थापन गर्न सरकारले ‘विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०’ मन्त्रिपरिषद्बाट पारित गरेसँगै यसमा असन्तुष्टि जनाउँदै निजी विद्यालय सञ्चालकहरुले विद्यालय बन्दसहितका आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए ।
शुक्रबार सिंहदरबारमा रक्षामन्त्री पूर्णबहादुर खड्का, शिक्षामन्त्री अशोक राईसहित सरोकारवालाहरुबीचको छलफलमा विद्यालय शिक्षासम्बन्धी विधेयक निजी विद्यालय सञ्चालकले उठाएको माग सम्बोधन गर्न सरकार तयार भएसँगै पूर्वनिर्धारित आन्दोलनका कार्यक्रम स्थगित गरिएको प्याब्सनका महासचिव आरबी कटुवालले जानकारी दिए ।
यसअघि एनप्याब्सनका अध्यक्ष पाण्डव हमाल, प्याब्सनका अध्यक्ष डीके ढुङ्गाना, हिसानका अध्यक्ष रमेश सिलवालले संयुक्त विज्ञप्ति जारी गर्दै उक्त विधेयकको मस्यौदामा सात बुँदे सुझाव सार्वजनिक गरेका थिए । उनीहरुले आफूहरुको माग सम्बोधन नभएमा २८ गतेदेखि देशभर अनिश्चितकालीन विद्यालय बन्द गर्ने घोषणा गरेका थिए । यस्तै भदौ १ गते विद्यालयका सवारी साधनहरु देशका मुख्य सहरमा सार्वजनिक स्थलमा पार्किङ गर्ने कार्यक्रम पनि तय गरिएको थियो ।

# सिमा क्षेत्रमा हत्याको घटनामा वृद्धि




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजसँग जोडिएको नेपाल भारत सिमा क्षेत्रमा विगत केहि समय यता भारत तर्फ श्रृंखलाबद्ध हत्याका घटनाहरु भएपछि सिमा क्षेत्रको जनजीवन आतंकित बनेको छ ।
नेपाल भारत सिमासँग जोडिएको भारतको मोतिहारी पूर्व चम्पारण जिल्लामा ३ दिन यता श्रृंखलाबद्ध रुपमा ५ जनालाई गोली प्रहार गरी हत्या गरेको घटनाले सिमाक्षेत्रको जनजीवन प्रभावित भएको रक्सौलका पत्रकार राजेश केशरीवालले जनाएका छन् ।
मोतिहारीको केशरीया थाना क्षेत्रमा विहिवार एक व्यक्तिको गोली हानेर हत्या भएको एक दिन अगाडी मोतिहारीकै कुण्डवा चैनपुर थाना क्षेत्रमा दुई जनाको गोली प्रहार गरी हत्या भएको थियो । त्यसैगरी सोही राति चिरैया थाना क्षेत्रको मिरपुरमा एक नावालिकाको समेत हत्या भएको थियो ।
यसैगरी हिजो साँझ महुववा थाना क्षेत्रका एक आलु प्याजका व्यवसायीको गोली प्रहार गरी हत्या भएको र व्यवसायीका मुन्सी माथि समेत गोली प्रहार भएकोमा उनि गम्भिर घाइते भएका छन् । उनको मोतिहारी अस्पतालमा उपचार भई रहेको छ । श्रृंखलाबद्ध हत्याका घटनाबाट आक्रोशित परिवार तथा स्थानियवासिन्दाले छौडादानो मोतिहारी सडकमा चक्का जाम गरी टायर बालेर प्रदर्शन समेत गरेका छन । ३ दिन भित्र ५ जनाको अपराधिक समूहले गोली प्रहार गरी हत्या गर्दा प्रहरीले हत्यारालाई पक्राउ गर्न नसकेको भन्दै सिमा क्षेत्रको स्थानिय वासिन्दा आक्रोशित भएका छन् ।

# प्रभावकारी सेवाका लागि जीतपुर सिमराको अधिकार विकेन्द्रीत




**मधेशदृष्टि**
**वीरगंज ।**
नगरबासीको काम छिटो छरितो गर्न बाराको जितपुरसिमरा उपमहानगरपालिकाले आफ्नो अधिकार बिकेन्द्रिकृत गरेको छ । नगर प्रमुख राजन पौडेलको पहलमा सातौं कार्यपालिका बैठकले चालु आर्थिक बर्ष २०८०।०८१ को वडा स्तरीय पुँजीगत योजनाहरु, ब्यवसाय दर्ता र उपभोक्ता समिती दर्ता सम्बन्धित वडा कार्यालयबाट नै गर्ने ब्यवस्था मिलाएको छ ।
स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ७३ को उपदफा २ मा प्रमुख प्रशासकिय अधिकृतले आफ्नो अधिकार प्रत्यायोजन गर्न सकिने ब्यवस्था रहेको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ । प्रमुख प्रशासकिय अधिकृत हरिलाल पुरीले उपभोक्ता समिती मार्फत सम्पन्न हुने २० लाख सम्मको वडा स्तरीय योजनाहरुको सम्झौता, कार्य आदेश स्थायी सेवामा कार्यरत वडा सचिबलाई दिएको बताएका छन् । जसमा वडामा कार्यरत सब ईन्जिनीयर र अमीनलाई अनिवार्य संलग्न गराउँनुपर्ने ब्यवस्था गरिएको छ । वडाभित्रका जैबिक तथा बाताबरणीय प्रभाव पर्ने र ठुलो उद्योग बाहेक साना ब्यवसायीहरुको ब्यवसाय दर्ता, नबिकरण, नामसारी र ठाउँसारी गर्ने काम वडाकार्यालयबाट नै अब हुनेछ । त्यस्तै उपभोक्ता समितीबाट सम्पन्न गरिने योजनाहरुको सम्बन्धमा उपभोक्ता समितीको दर्ता र नबिकरण गर्ने कार्य वडा कार्यालयबाट नै गर्ने ब्यवस्था मिलाईएको प्रमुख प्रशासकिय अधिकृत पुरीले जानकारी दिए ।
उपमहानगरपालिकाले वडामा प्रत्यायोजन गरेको सम्पुर्ण अधिकार स्थाई सेवामा कार्यरत वडा सचिवले मात्र प्रयोग गर्न सक्ने ब्यवस्था गरेको छ ।
अधिकृत पुरीले २४ वटै वडा कार्यालहरुलाई प्रचलित कानुनको अधिनमा रही खर्च गन, आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण समेत गराउँन निर्देशन दिएको जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालयले जनाएको छ ।

# अतिक्रमित घर टहरामाथि महानगरपालिकाको डोजर




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले आज वडा नम्बर २ इनर्वा प्रहरी पोष्ट नजिकै सडक अतिक्रमण गरी बनाईएका घर टहरा डोजर लगाएर हटाएको छ । वीरगंज महानगरपालिकामा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाईएको घर टहरा हटाउन वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले सुरु गरेको अभियान अन्तरगत शुक्रबार इनर्वा प्रहरी पोष्ट नजिकै अतिक्रमण गरी बनाईएको १९ कठ्ठा १० धुरमा रहेका घर टहरा हटाइएको वीरगंज महानगरपालिकाका भौतिक पूर्वाधार अतिक्रमण नियन्त्रण समितिका संयोजक प्रदिप चौरसियाले जानकारी दिए । पटक पटक सुचना जारी गरी अतिक्रमण हटाउन आग्रह गर्दा समेत अटेरी गरेपछि आज महानगरपालिकाले डोजर लगाएर खाली गरेको अतिक्रमण खाली गरेको वीरगंज महानगरपालिकाका नगर प्रहरी प्रमुख हरि भुषालले जानकारी दिए । अतिक्रमण खाली गराउन महानगरपालिकाका नगर प्रमुखका सल्लाहकार हरि पोखरेल, प्रशासन प्रमुख राजकृष्ण ताम्राकार, सरसफाई शाखाका प्रमुख सरफुद्दिन मिया लगायतको टोली खटिएको थियो ।

# सिमरामा नि:शुल्क आँखा परीक्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको सिमरामा शुक्रबार निशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ । रुपान्तरण युवा क्लबले वीरगंज सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा निशुल्क आँखा परीक्षण शिविरको आयोजना गरेको थियो । सिमराको नर बस्तीमा क्लबका अध्यक्ष रामकुमार अर्यालको अध्यक्षतामा सम्पन्न शिविरमा १ सय ६० जनाले चेकजाँच गराएको वीरगञ्ज सामुदायिक आँखा अस्पतालका मेडिकल संयोजक महेश सिंह धामीले जानकारी दिए । चेकजाँच गराएकामध्ये ५० प्रतिशतमा आँखा पाक्ने समस्या देखिएको छ भने २० जनामा मोतिबिन्दुको लक्षण देखा परेको छ । मोतिबिन्दु देखिएका बिरामीको निशुल्क शल्यक्रिया गरिने पनि धामीले जानकारी दिए । शिविरमा जितपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा, अस्पतालका आँखा रोग विशेषज्ञ नैन यादव, व्यवस्थापक प्रेम घिमिरे, दिपेश वर्णवाल, रिसिकान्त गुप्ता लगायतको सहभागिता रहेको थियो ।

# तीन दिनसम्म वर्षाको सम्भावना



**मधेशदृष्टि**
**वीरगंज ।**
मौसम पूर्वानुमान महाशाखाले विशेष बुलेटिन निकालेर आउँदो तीन दिन विशेष सतर्कता अपनाउन अनुरोध गरेको छ ।
महाशाखाले शुक्रबार विशेष बुलेटिन निकालेर शनिवारदेखि आउँदो सोमवारसम्म देशका विभिन्न भागमा सरदरभन्दा धेरै पानी पर्ने सम्भावना देखिएको भन्दै सतर्कता अपनाउन आग्रह गरेको हो ।
मनसुनको न्यून चापीय रेखा नेपालतिर सर्न लागेकाले शनिबार राति देशका धेरै ठाउँमा वर्षा हुनेछ । कोशी, मधेश, बाग्मती, गण्डकी र लुम्बिनीका थोरै ठाउँमा अत्यधिक वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।
मनसुनको न्यून चापीय रेखा नजिक पर्दा पानी धेरै पर्छ । यो रेखा अहिले नेपाल नजिक आइपुगेको विभागले जनाएको छ । महाशाखाले निकालेको विशेष मनसुन बुलेटिनमा पर्सि आइतवार पनि देशका धेरै ठाउँमा अत्यधिक वर्षा हुनेछ । सोमवार पनि धेरैजसो प्रदेशमा सामान्यदेखि मध्यम वर्षा हुने भएको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका केही ठाउँमा सोमवार पनि अत्यधिक वर्षा हुनसक्ने सम्भावना छ ।
विभागले भोलिदेखि सोमवारसम्म पहाडी भूभागमा पहिरो र गेग्रान बहावको सम्भावना रहेको, शहरी क्षेत्रमा डुबान हुनसक्ने तथा देशका साना–ठूला नदीको सतह बढ्ने अनुमान गरेको छ । विभागले सडक र हवाई यातायात अवरुद्ध हुनसक्ने भएकाले सचेत हुन सबैलाई आग्रह गरेको छ ।

# युवा दिवसको अवसरमा चार जनालाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा वीरगंज पब्लिक कलेजले शुक्रबार विभिन्न क्षेत्रमा कार्यरत चार जना युवालाई सम्मान गरेको छ । महिलाका सवाललाई उठान गर्नका लागि महिलाहरुले नै सञ्चालन गरेको मध्यनेपाल सन्देश पत्रिकाकी सम्पादक कविता खड्का, सामाजिक क्षेत्रमा सक्रिय युवा समाजसेवी राजन श्रीवास्तव, मानवताको क्षेत्रमा क्रियाशिल मानव सेवा आश्रमका केन्द्रीय सदस्य एवं मधेस प्रदेशका संयोजक देवेश गुप्ता र सञ्चारकर्मी सूर्यनारायण विकलाई कलेजले सम्मान गरेको हो ।
कार्यक्रममा उनीहरुलाई कलेजका प्राचार्य हरिरत्न तुलाधर र सहायक प्राचार्य अरविन्द श्रेष्ठले संयुक्त रुपमा सम्मान पत्र प्रदान गरेका थिए । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा युवाहरुलाई प्रेरित गर्नका लागि र कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई सामाजिक कार्यप्रति जिम्मेवार बनाई ऊर्जा थप्ने अभिप्रायका साथ विभिन्न क्षेत्रमा योगदान दिएका युवाहरुलाई सम्मानित गरिएको कलेजका प्राचार्य हरिरत्न तुलाधरले बताए ।

# ‘मेरी माटी मेरा देश’ अभियान आयोजना

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
महावाणिज्य दुताबासले भारतको आजादीको अमृत महोत्सव अन्तरगत मेरी माटी मेरा देश अभियानको आयोजना गर्दै समापन गरिएको छ ।
दुताबासले शुक्रबार समापन कार्यक्रम अन्तरगत वाणिज्य दुताबास परिसमा मेरी माटी मेरा देश अभियानको आयोजना गरेको हो । कार्यक्रमको सुरुवात महावाणिज्य दुत नितेश कुमारले राष्ट्रिय झण्डा फहराई भारतको राष्ट्रिय गान गाएर सुरु गरेका
थिए ।
त्यसपछि समाजका विभिन्न वर्गका भारतीय डायस्पोराका सदस्य र वाणिज्य दुताबासका सदस्यहरुलाई महावाणिज्य दुतले पञ्चप्रण गराएका थिए ।
त्यसैगरि कार्यक्रममा मिट्टी की खुशबू–मिटी की यादहरूमा गाउँमा हुर्किँदै गएका वर्षहरूसँग जोडिएका कथाहरूको सम्झनामा तीनवटा छोटो भिडियोहरू फतेहपुर, बिहार, नन्दीग्राम, उत्तरप्रदेश र धर्नाई, बिहार, सहभागीहरूलाई देखाइएको थियो । प्रर्दशनपछि, चम्पारण जिल्लाका हाम्रो स्वतन्त्रता आन्दोलनका कम ज्ञात ८ नायकहरूको कथाहरूको कथा वाचन गरिएको थियो ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन